मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३०० ● २०८० साल भदौ २३ गते शनिबार ● Saturday 09, September 2023 ● सूर्योदयः बिहान ५:४८ बजे ● सूर्यास्तः साँझ ६:१७ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

प्रधानमन्त्रीद्वारा प्रदीप गिरिको प्रशंसा



मुकेश कुमार यादव
सिरहा ।
प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड'ले प्रदीप गिरि नेपालका राजनीतिक, सामाजिक रुपान्तरण अभियानमा मौलिक र विलक्षण चिन्तनका धनी व्यक्तित्व रहेको बताएका छन् ।

प्रदीप गिरि मेमोरियल ट्रष्टले लहान–१४ आश्रममा गरेको पहिलो स्मृति तथा गिरिको पूर्णकदको प्रतिमा अनावरणमा प्रधानमन्त्री दहालले समाजलाई हेर्ने गिरिको मौलिक दृष्टिकोण रहेको बताए ।

दाहालले भने, 'उहाँको दार्शनिक चिन्तन, समाजलाई हेर्ने आफ्नै नजरिया, मौलिक दृष्टिकोण थियो । उहाँको तुलना अरुसँग गर्न धेरै कठिन छ ।' गिरिको चिन्तन, विचार र व्यवहारकै कारण नेपाली समाजका सबै वर्ग, क्षेत्र, तहतप्का र राजनीतिक दलहरुले पनि उत्तिकै सम्मान र भरोसा गरेको प्रधानमन्त्री दहालले बताए।

उनले भने, 'राजनीतिक दल, आस्था–भरोसाका सबैले उहाँलाई उत्तिकै सम्मान गर्थे । आज त्यो यहाँ पनि देखिएको छ । उहाँका विचार, संस्कार र व्यहारबाट हामीले ऊर्जा प्राप्त गरेका छौं ।' प्रधानमन्त्री दाहालले विगत सम्झँदै शान्ति प्रकृयामा आउनुभन्दा पहिला पनि प्रदिप गिरिसँग अप्रत्यक्ष सम्वाद हुने गरेको बताए । उनले भने, 'मसँग शान्तिप्रकृया अघि पनि अप्रत्यक्ष सम्वाद हुँदै आएको थियो, हामीलाई राज्यले आतङ्ककारी भनेर टाउकोको मूल्य तोक्दा पनि उहाँले यो राजनीतिक समस्या हो ।

यसको समाधान राजनीतिकरुपमा गरिनुपर्छ भनेर पार्टीभित्र र देशको राजनीतिक तहमा, मञ्चमा जहिले पनि सकारात्मक समाधानको कोशिस गर्नुभयो ।'

दाहालले भने, 'शान्ति प्रकृयामा आएपछि पनि मलाई देशको वर्तमान राजनीतिक अवस्थाबारे जानकारी गराउने र उहाँका दलका नेताहरुसँग भेटघाट गराउने काम गराएर सहयोग गरे ।'

सोही क्रममा दाहालले गिरि बिरामी पर्नुभन्दा केही दिनअघि नियमित भेटघाट हुने, विभिन्न विषयमा बहस र छलफल गर्ने र सँगै खाना खाजा खाने गरेको सम्झिए ।

प्रधानमन्त्री दाहालले भने, 'लहानका मेयरलगायतका प्रतिनिधिले गिरिको स्मृतिमा अस्पताल र बाटो बनाउने विषय उठाउनु भएको छ । यसलाई अगाडि बढाउने प्रतिबद्धता जनाउन चाहन्छु ।'

स्मृतिसभामा अर्थमन्त्री प्रकाशशरण महत, परराष्ट्रमन्त्री नरायणप्रसाद साउद, राष्ट्रिसभाका उपाध्यक्ष उर्मिला अर्याल, पूर्वमन्त्री मालिका यादव, सीतादेवी यादव, अजयशंकर नायकलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

वैभव

भिन्न



- 'गाँजा गणतन्त्र' होइन, 'गाँजा अर्थतन्त्र'
- हे दोश्रो जनक !
- मेरा मित्र राजेश्वर नेपाली
- महिला अधिकारको नाउँमा पुरुषलाई विभेद नगरौँ
- जातीय व्यवस्थामा भूमिहारको ईतिहास
- लगायत विभिन्न कविता

देशमै गुणस्तरीय औषधी उत्पादन महत्वपूर्णः उपराष्ट्रपति



मधेशदृष्टि
वीरगंज ।
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले स्वदेशमै धेरै रोगका गुणस्तरीय औषधी उत्पादन हुनुमा औषधी व्यवसायीको योगदान रहेको र यो योगदान महत्वपूर्ण रहेको बताएका छन् ।

नेपाल औषधी व्यवसायी संघको १४ औँ राष्ट्रिय अधिवेशन उद्घाटन गर्दै स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तनका लागि जारी राष्ट्रिय अधिवेशनले सक्षम नेतृत्व चयन गर्ने उनले विश्वास व्यक्त गरे ।

उपराष्ट्रपति यादवले औषधी व्यवसायमा जीवन अर्पण गरेका वीरगंजका राजेश्वरप्रसाद सर्राफलगायतका ज्येष्ठ नागरिकलाई सम्मान गरे । ६० वर्षदेखि औषधी व्यवसायमा संलग्न ८० वर्षीय सर्राफ २० वर्षको किशोर उमेरदेखि औषधी व्यवसायी बनेका थिए ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव, उद्योग वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीलगायतले शुभकामना व्यक्त गरे ।

महाअधिवेशनमा औषधी व्यवसायीका संघका केन्द्रीय पदाधिकारी, सातै प्रदेशका अध्यक्ष, जिल्ला अध्यक्षलगायत प्रत्येक जिल्लाबाट तीन जना प्रतिनिधि र पर्यवेक्षकसहित २ सय १० जना प्रतिनिधिको सहभागिता रहेको अध्यक्ष मृगेन्द्रमेहेर श्रेष्ठले जानकारी दिए । देशका हरेक असहज परिस्थितिमा समेत ज्यान जोखिममा मोलेर सेवामा क्रियाशील रहेको संघको बन्दसत्रले नयाँ नेतृत्व चयन गर्नेछ ।

अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, आयात, थोक र खुद्रा विक्रेताबाट एक जना उपाध्यक्ष, महासचिव, कोषाध्यक्षलगायत पदाधिकारीसहित २१ सदस्यीय कार्यसमिति चयन हुनेछन् ।

नेतृत्वमा आकांक्षी धेरै भए पनि सर्वसम्मतको प्रयास गरिने अध्यक्ष श्रेष्ठले बताए । यता संघको अध्यक्षमा वीरगंजका व्यवसायी प्रकाश खण्डेलवालले उम्मेदवारी दिने घोषणा गरेका छन् ।

निरक्षर प्रदेशलाई गुणस्तरीय शिक्षा दिने दायित्व

वृक्षारोपण र स्वास्थ्य शिविर

मधेशदृष्टि
वीरगंज ।
मधेश विश्व विद्यालयको प्रथम वार्षिक उत्सवको उपलक्ष्यमा शुक्रबार वृक्षारोपण तथा स्वास्थ्य शिविर भएको छ ।

पर्साको बहुदरमाई गाउँपालिका वडा नम्बर २ मा रहेको बहुदरमाई मन्दिर परिसरमा वृक्षारोपण गरिएको हो ।

त्यसैगरी, सोही स्थानमा निःशुल्क स्वास्थ्य शिविर गरिएको थियो ।

मधेश विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेशप्रसाद कुर्मीले वृक्षारोपण शुभारम्भ गरे । बहुदरमाई मन्दिर परिसरमा विभिन्न प्रजातिका ४ सय बिरुवा रोपिएका छन् । निःशुल्क स्वास्थ्य शिविरमा स्थानीय २ सय ५० जनाको स्वास्थ्य परीक्षण गरिनुका साथै औषधीसमेत वितरण गरिएको थियो ।

मधेश प्रदेश प्रथम मुख्यमन्त्री लालबाबु राउतसहित जिल्लाका विभिन्न राजनीति दलका प्रतिनिधि, उद्योगी, व्यवसायी, शिक्षाविद् समाजसेवी उपस्थित थिए ।



मधेशदृष्टि
वीरगंज ।
मधेश प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेश यादवले शिक्षा नै समाजको समृद्धिको मेरुदण्ड भएको हुँदा निरक्षर प्रदेशको रुपमा रहेको मधेश प्रदेशलाई साक्षर बनाउन मधेश विश्वविद्यालयको भूमिका महत्वपूर्ण भएको बताएका छन् ।

मधेश विश्वविद्यालयको प्रथम वार्षिक उत्सव वीरगंजमा उद्घाटन गर्दै शिक्षा मन्त्री यादवले मधेशको शिक्षा प्रणाली जर्जर अवस्थामा रहेकामा दुःख व्यक्त गरे । उनले दक्ष जनशक्ति उत्पादन, उच्च शिक्षाको व्यवस्था मिलाउदै सीमित स्रोतसाधनका बाबजुद पनि मधेश विश्वविद्यालयले हाल गरिरहेको काम प्रशंसायोग्य रहेको दाबी गरे । शिक्षामन्त्री यादवले प्रादेशिक विश्वविद्यालयलाई संघीय सरकारले ध्यान नदिएकामा दुःख व्यक्त गर्दै समाजप्रति उत्तरदायी भएर काम गरे मधेशको आमूल परिवर्तन गर्न सकिने बताए ।

कार्यक्रममा मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतले मधेशी जनताको चाहनाअनुसार मधेश विश्वविद्यालयले पाठ्यक्रम तयार गरी पठनपाठनगराउनु पर्ने कुरामा जोड दिँदै डा.दीपक शाक्यको टिमले एक वर्षमै वीरगंजमा मधेश विश्वविद्यालयको स्वरुप हासिल गरेकोमा खुशी व्यक्त गरे । उनले मधेशको मात्र नभई देशकै नमूना विश्वविद्यालय बनाएर वीरगंजलाई गुणस्तरीय शिक्षाको हबको रुपमा विकास गर्नु पर्ने कुरामा जोड दिए ।

कार्यक्रममा ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्री सिंहासन सा कलवारले मधेश सरकारको देनले ३ वटा विश्वविद्यालय मधेश प्रदेशमा स्थापना भएको बताउँदै अब मधेशका जनताले गौरव गर्ने गरी गुणस्तरीय शिक्षातर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने कुरामा जोड दिए ।

कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेशप्रसाद कुर्मीले मधेश प्रदेशको रुपान्तरणकारी शैक्षिक संस्थाको रुपमा मधेश विश्वविद्यालय स्थापित भएको बताए ।

मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेल, प्रमोद जयसवाल, मधेश विश्वविद्यालयका डीन मानबहादुर जिसी, प्राध्यापक डा.उपेन्द्र कोइराला, युवराज संग्रौला, विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा विश्वविद्यालय स्थापनमा योगदान पुर्याएको भन्दै मधेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतसहित मधेश प्रदेशका मन्त्री, प्रदेश सभा सदस्य, समाजसेवी, शिक्षाविद्लाई सम्मान गरिएको थियो ।



एक दिन जेल नबसी रुँगटा आइतबार धरौटीमा छुट्दै

'मृतक शंकर प्रसाद कँडेलले आत्महत्या गर्नुपूर्व निजले आत्महत्या गर्नु पर्नाको कारण भनी लेखेको कागजको बेहोरा, जाहेरी दरखास्त कल्पना पौडेल, कमला शर्मा पौडेल समेतले घटना विवरण कागजमा लेखाइदिएको समेतका तत्काल प्रमाणबाट यी प्रतिवादी प्रदिपकुमार रुँगटा आरोपित कसूरमा संलग्न छैनन् भन्न सकिने अवस्था नदेखिएको र आरोपित कसूर ठहर भएमा हुनसक्ने सजाय समेतलाई विचार गर्दा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ ९१० (ख) बमोजिम पुर्पक्षका लागि थुनामा राख्नुपर्ने देखिँदा कानुनबमोजिमको सिधा खान पाउने गरी रितपूर्वकको थुनुवा पूर्जी दिई कारागार कार्यालय चितवनमा पठाइदिनु भनी ऐ संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ', अदालतले भनेको छ ।

मधेशदृष्टि
वीरगंज ।
व्यावसायिक साझेदारको आत्महत्या दुरुत्साहन मुद्दामा जिल्ला अदालत चितवनले पुर्पक्षमा राखेका व्यवसायी प्रदीप रुँगटा एक दिन पनि जेल नबसी रिहा हुने भएका छन् ।

आत्महत्या दुरुत्साहन मुद्दामा पुर्पक्षका लागि जेल चलान आदेश भएका व्यवसायी रुँगटा एकदिन पनि जेल बसेनन् ।

चितवनका पोल्ट्री व्यवसायी एवम् नेपाली कांग्रेसका नेता शंकर कँडेलको आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दामा चितवन जिल्ला अदालतले रुँगटालाई साउन १८ गते पुर्पक्षमा पठाएको हो । पुर्पक्षमा पठाउने आदेशपछि रुँगटा अदालतमै बेहोस भए । जिल्ला अदालत चितवनले थुनामा राख्न दिएको आदेशपछि बेहोस भएका उनलाई भरतपुर अस्पताल लगियो।

'कँडेलले आत्महत्या गर्नु पर्नाका कारण भनी लेखेको कागजको बेहोराले रुँगटा आरोपित कसुरमा संलग्न छैनन् भन्न सकिने अवस्था नदेखिएको पाइयो,' उच्च अदालतको आदेशमा भनिएको छ ।



यो आदेशअघि पनि उनी घटनाको तीन महिनापछि अदालतमा उपस्थित भएका थिए । यद्यपि रुँगटा जेल जानु परेन । अदालतको आदेशलगत्तै बिरामी भएको भन्दै रुँगटाका सहयोगीले

बाँकी पृष्ठ २ मा

साहित्यकार बिमललाई बिपी साहित्य सम्मान



मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधामका वरिष्ठ साहित्यकार डा राजेन्द्र बिमल बिपी साहित्य सम्मानबाट सम्मानीत भएका छन् ।
जननायक बिपी कोइराला स्मृति ट्रस्टले प्रत्येक वर्ष प्रदान गर्दै आएको सम्मानबाट राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार डा.विमललाई पुरस्कृत गरेका हुन् । पुरस्कारको राशि एक लाख एक हजार रुपैयाँ र सम्मानपत्र रहेको छ । त्यस्तै, ट्रस्टले प्रदान गर्ने बिपी प्रजातन्त्र सेनानी सम्मान रुपन्देहीका ९२ वर्षीय डिल्लीरमण शर्मा न्यौपानेलाई उनले पुरस्कृत गरे । उक्त पुरस्कारको राशि ५१ हजार नगद र सम्मानपत्र रहेको छ ।
ट्रस्टले कोइरालाको एक सय १०औँ जन्मजयन्तीका उपलक्ष्यमा शुक्रबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजना गरेको बिपी साहित्य तथा स्वतन्त्रता सेनानी सम्मान कार्यक्रममा सो पुरस्कार प्रदान गरिएको हो । डा. राजेन्द्र विमल वहुप्रतिभाशाली साहित्यकार रुपमा चिनिन्छन् । उनले लेखेको गीत र गजल र कविताहरु अहिले पनि मिथिला क्षेत्रमा खुवै चर्चित रहेको छ । उनले लेखेको याह छै हमर जनकपुर गीत लगायतका गीतहरु चर्चित गीतहरु मध्ये रहेको छ । कार्यक्रममा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वउपप्रधानमन्त्री सुजाता कोइराला, सांसदहरु तथा विभिन्न क्षेत्रका उच्चपदस्थ व्यक्तिहरुको सहभागिता थियो ।

आत्महत्याका घटना बढ्नु चिन्ताजनक

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्रबहादुर सिंहले आत्महत्याका घटना चिन्ताको विषय भएकोले यसको नियन्त्रणका लागि सरोकारवाला सबैको साझा प्रयास आवश्यक रहेको बताएका छन् ।



मधेशदृष्टि
जनकपुरधाम ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र टेकु काठमाडौँले बिहीबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा गरेको आत्महत्या रिपोर्टिङ सम्बन्धी पत्रकार अभिमुखीकरण कार्यशाला गोष्ठीमा उनले विभिन्न कारणले मानसिक स्वास्थ्यमा समस्या आएर आत्महत्याका घटनाहरू हुनेगरेको भन्दै मान्छेको मानसिक स्वास्थ्य सबल बनाउन पत्रकारले कलम चलाउनु पर्ने जोड दिएका थिए । कार्यक्रममा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निमित्त निर्देशक शिला श्रेष्ठले अनुपातमा नेपालमा हरेक दिन १९ जनाले आत्महत्या गर्ने गरेको र यो एउटा भयावहको अवस्था भएको बताउनुभयो । यसको नियन्त्रणका लागि जनचेतना फैलाउन सङ्घ सरकारले स्थानीय तहलाई बजेट समेत उपलब्ध गराउने गरिएको भन्दै त्यसको सही कार्यान्वयन नदेखिएको उनको भनाइ छ । मधेश प्रदेशमा गत आर्थिक वर्षमा ४ सय २२ जना महिला र ४ सय ६५ जना पुरुषले आत्महत्या गरेको तथ्याङ्क प्रहरीसँग रहेको र यसले महिलाभन्दा पुरुषले बढी आत्महत्या गर्ने गरेको उनको भनाई थियो । त्यसैगरी गत आर्थिक वर्षमा मधेश प्रदेशमा १७५ जना बालिका र ५९ जना बालकले आत्महत्या गरेको तथ्याङ्क रहेकाले तीनै तहको सरकारले यसको नियन्त्रणका लागि गम्भीर हुन आवश्यक देखिएको उनले बताईन् ।

जलेश्वरलाई मुख्य व्यापारिक मार्ग बनाउन माग



मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको अगुवामा संघीय सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतलाई ज्ञापन पत्र बुझाउँदै वैकल्पिक व्यापारिक मार्गको तत्काल व्यवस्थापन गरिदिनका लागि माग गरेका छन् ।
शुक्रबार अर्थमन्त्री डा. प्रकाश शरण महतले ज्ञापनपत्र बुझ्दै तेस्रो मुलुकसँग व्यापारिक सम्बन्ध विस्तार गर्नका लागि आफु सकारात्मक रहेको भन्दै यसका लागि आवश्यक पहल गर्नेसमेत आश्वासन दिए । महोत्तरीको जलेश्वर–भिठ्ठामोड नाकालाई मुख्य भन्सार नाकामा स्तरोन्नति गरिदिनका लागि जनकपुरधाम उद्योग वाणिज्य संघको टोलीले अर्थमन्त्री डा. महतसँग माग गरेका थिए ।
जनकपुरधाम उद्योग वाणिज्य संघको ध्यानाकर्षण पत्र बुझ्दै अर्थमन्त्री डा. महतले तेस्रो मुलुकमा सामान आयात निर्यात गर्नका लागि गर्नुपर्ने आवश्यक तयारी र अहिलेको अवस्थाको बारेमा थप जानकारी लिएर यस सम्बन्धी प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएको संघका अध्यक्ष महासेठले बताए । जलेश्वर भन्सार कार्यालयलाई अविलम्ब मुख्य भन्सार कार्यालयमा स्तरोन्नति गर्न नेपाल–भारत दुवैतर्फ आवश्यक पूर्वाधार तयार रहेका बारेमा अर्थमन्त्री डा. महतलाई जानकारी गराइएको र यसको जवाफमा सम्बन्धित निकायसँग थप छलफल गरी आवश्यक काम गर्ने प्रतिबद्धता अर्थमन्त्री डा. महताले जनाएको अध्यक्ष महासेठले बताए । अध्यक्ष महासेठले भने, 'अर्थमन्त्रीज्यूसँग जलेश्वर भन्सार नाकाको स्तरोन्नति, मधेसका व्यापारी व्यवसायीका समस्या, प्रदेश राजधानी जनकपुरमा चलिरहेको रेलबाट लिन सकिने व्यापारिक लाभका विषयमा समेत कुराकानी भएको छ ।'

साघारामा एटिएम



मधेशदृष्टि
जनकपुरधाम ।
धनुषाको कर्णाली भनेर चिनिने कमला क्षेत्रस्थित एनआईसी एसिया बैंकको एटिएम सञ्चालनमा आएको छ ।
कमला नगरपालिका वडा नं. ४ साघारास्थित रहेको एनआईसी एसिया बैंकको साघारा शाखाले एटिएम सँचालनमा ल्याएको हो । एटिएम सँचालनमा आएपछि पूर्वी धनुषाका वासिन्दालाई सहज भएको छ । एटिएम प्रयोगका लागि सवैला नगरपालिका,धनुषाधाम नगरपालिका या जनकपुरधाम उपमहानगरपालिकानै आउनुपर्ने बाध्यताबाट स्थानियवासीलाई उन्मुक्ति मिलेको छ ।

सुनचाँदी व्यवसायी संघका अध्यक्ष पक्राउ



मधेशदृष्टि
वीरगंज ।
६० किलो सुन प्रकरणमा प्रहरीले बाराबाट थप एक जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले बाराका शिवकुमार सर्राफलाई पक्राउ गरिएको जानकारी दिए ।
पक्राउ परेका सर्राफ बारा जिल्ला सुनचाँदी व्यवसायी संघका अध्यक्ष हुन् । त्रिभुवन विमानस्थलबाट बरामद सुन तस्करीमा उनको पनि संलग्नता भेटिएको पाइएपछि बिहीबार बेलुका पक्राउ गरिएको डिआइजी कडायतले जानकारी दिए । पक्राउ परेका सर्राफलाई सिआइबीको नियन्त्रणमा राखिएको र थप अनुसन्धानका लागि शुक्रबार अदालतबाट म्याद थप गराइएको छ ।
योसँगै सुन प्रकरणमा पक्राउ पर्नेको संख्या २७ पुगेको छ । यसअघि यही प्रकरणमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराका छोरा राहुललाई पक्राउ गरिएको थियो ।
त्यस्तै, पूर्वउपराष्ट्रपतिका नन्दबहादुर पुनका छोरा दिपेश पुनसँग पनि सोधपुछ गरिएको छ । साउन २ गते हङकङबाट ल्याइएको ६० किलो ७ सय १६ ग्राम सुन राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो ।

मानवअधिकार संरक्षणका लागि मधेशी आयोगको सहकार्य



मधेशदृष्टि
जनकपुरधाम ।
दुवै देशका नागरिकको मानवअधिकार संरक्षण र सम्बर्धनको लागि मधेशी आयोग र भारतको राष्ट्रिय मानवाधिकार आयोगले आगामी दिनमा सहकार्य गर्ने भएको छ ।
भारतको नयाँ दिल्ली स्थित राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयमा मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त तथा भारतीय मानवअधिकार आयोगका अध्यक्ष जस्टिस अरुण मिश्र बीच भएको द्विपक्षीय भेटवार्तामा दुवै अधिकारमुखी आयोगहरु आगामी दिनमा मानवअधिकारको संरक्षणको लागि साझा रुपमा अगाडी बढ्ने विषयमा गम्भीर छलफल भएको छ । सो छलफलमा नेपाल–भारत सिमामा हुने मानव तस्करी, लागुपदार्थ ओसार–पोसार जस्ता गैर–कानुनी गतिविधिहरु माथि दुवै आयोगले साझा रुपमा अनुगमन गर्ने समेत छलफल भएको छ र सो छलफलको क्रममा मधेशी आयोगका अध्यक्ष डा.दत्तले मधेशी आयोग सदैव नागरिक तथा देशको हितमा काम गर्न सकारात्मक रहेको र त्यस्ता कार्यको लागि मानवअधिकार आयोगसंग सहकार्य गरी अगाडी बढ्ने निर्णय आफैमा ऐतिहासिक हुने बताएका छन् । मानवअधिकार आयोगका अध्यक्ष अरुण मिश्रले मधेशी आयोग संग सहकार्य गर्नु आफैमा गौरवान्वित विषय भएको र मानवअधिकार संरक्षणको लागि आयोग सधै तत्पर रहेको बताएका छन् । मधेशी आयोगका अध्यक्षलाई भारतीय मानवाधिकार आयोगका अध्यक्ष सहित आयोगका सदस्य तथा उच्चपदस्थ अधिकारीहरुले स्वागत गरेका थिए ।

न्याय नपाएपछि 'नौकेस'



मधेशदृष्टि
जनकपुरधाम ।
लगभग तीन महिना देखि न्यायका लागि काठमाडौंको माइतीघर मण्डलामा धर्ना बस्दै आएपनि सरकारको तर्फबाट वास्ता नगरेको भन्दै आरती साहका परिवारजन र उनका समर्थकहरुले कपाल मुण्डन गरेर विरोध जनाएका छन् ।
शुक्रबार उनीहरुले लामो समय देखि धर्नामा बस्दा पनि आफनो पिडा नदेख्ने सरकार आफुहरुका लागि मरे सरहनै भएको भन्दै कपाल मुण्डन गरेका हुन् । जनकपुरधामकी आरती साह हत्याका दोषीलाई कारवाहीका साथसाथै न्याय दिनबाट वंचित गरेको धनुषाका एसपी डिएसपी माथि पनि विभागीय कारवाहीको माग सहित विगत ८५ दिन देखि आरती साहका परिवार काठमाडौंका माइतिघर मण्डलामा धर्ना बस्दै आएको छ ।

अल्पसंख्यकसँग प्रहरी कार्यक्रम



मधेशदृष्टि
जनकपुरधाम ।
धनुषा प्रहरीको आयोजनमा सोनिगामामा अल्पसंख्यकसंग प्रहरी कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार जिल्ला प्रहरी कार्यालय धनुषा र ईलाका प्रहरी कार्यालय औरहीको संयुक्त आयोजनामा हंसपुर नगरपालिका वडा नं ६ सोनिगामाको विद्यालयमा आयोजना गरिएको कार्यक्रममा प्रहरी अल्पसंख्यकको साथी रहेको विषय चर्चा परिचर्चा गरिएको थियो ।
धनुषाका प्रहरी उपरिक्षक विश्वराज खडकाको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा नगरपालिकाकी उपप्रमुख दुर्गा देवी मण्डल,वडाध्यक्ष सुरेन्द्र मण्डल,अल्पसंख्यक समुदायका स्थानियवासी,बुद्धिजिवी,भद्रभला दमी,समासेवी लगायतको व्यापक उपस्थिती रहेको थियो ।

उपमहानगरमा नयाँ प्रशासकीय अधिकृत



मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधाम उपमहानगरपालिकको प्रमुख प्रशासकीय अधिकृतको रुपमा सुमन कुमार कार्की आउने भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) का उप—सचिव सुमन कुमार कार्की जनकपुरधाम उपमहानगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउने भएका हुन् । यस अघि उनी उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयमा कार्यरत्त थिए ।

आक्रमणको विरोधमा मशाल जुलुस



मधेशदृष्टि
जनकपुरधाम ।
नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि काठमाडौंमा खुकुरी प्रहार गरिएको घटनाको विरोधमा जनकपुरधाममा आन्दोलन सुरु भएको छ । कांग्रेसले शुक्रबार साँझ धनुषाको लक्ष्मीनीया गाँउपालिकाका लक्ष्मनीया बजारमा मशाल जुलुस प्रर्दशन गरेको छ । लक्ष्मीनिया बजारबाट निस्केको मशाल जुलुस बजार परिक्रमा गर्दै कोणसभा गरि समापन गरेको थियो । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवलाई काठमाडौं स्थित रिपोर्टर्स क्लवबाट बाहिर निस्कदै गर्दा घाटी र कपाल गरि दुई ठाउमा खुकुरी प्रहार गरिएको थियो । यादवको उपचार अहिले काठमाडौंमै भइरहेको जनाइएको छ ।

एक दिन जेल नबसी रुँगटा आइतबार.....

अस्पतालमा भर्ना गरे । रक्तचाप बढेको भन्दै अदालतमै बेहोस रुँगटालाई केही दिन उपचार र अस्पताल बसाइपछि भरतपुर अस्पतालले भदौ ८ गते डिस्चार्ज ग¥यो । डिस्चार्ज भएपछि कारागार पठाइएका उनी फेरि बेहोस भएको बहानामा चितवन मेडिकल कलेज पुगे । भरतपुरस्थित चितवन मेडिकल कलेजमै बसेर उनी अदालतको आदेश कुरिरहे र अन्ततः उनलाई अदालतले धरौटीमा छाड्न आदेश दिएको छ । जिल्ला अदालतको आदेशपछि रुँगटा धरौटीमा छाड्न मागसहित उच्च अदालत हेटौँडा गएका थिए । उच्च अदालत हेटौँडाले पाँच लाख ५० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो । उच्च अदालतका न्यायाधीश राजेश्वर तिवारी र निर्मला शाक्यको इजलासले बिहीबार रुँगटालाई धरौटीमा छाड्ने आदेश दिएको अदालतका सूचना अधिकारी केशवराज कौशिकले बताए । बिहीबार अदालतले आदेश दिए पनि चितवन र मकवानपुरसहितका जिल्लामा शुक्रबार सार्वजनिक बिदा छ । रुँगटा आइतबार धरौटीमा छुट्ने छन् ।
चितवनको अनमोल फिड्सको ८५ प्रतिशत शेयर किनेका रुँगटाले कम्पनीको दायित्व बोध नगरी आफूलाई तनाव दिएको भन्दै व्यवसायी कँडेलले वैशाख १९ गते आत्महत्या गरेका थिए । कँडेलले आत्महत्याअघि लेखेको 'सुसाइड नोट'मा रावल र त्यही कम्पनीको ८५ प्रतिशत शेयर किनेका प्रदीप रुँगटाका कारण यस्तो निर्णय गर्नुपरेको उल्लेख गरेका थिए ।

२०८० साल भदौ २३ गते शनिबार
Saturday 09, September 2023

मधेशदृष्टि

कैनव

क

‘गाँजा गणतन्त्र’ होइन, ‘गाँजा अर्थतन्त्र’ निर्माणको लक्ष्य



रामकुमार एलन

सन् १९७० अघिसम्म नेपालमा गाँजाखेती र व्यापार वैधानिक थियो । संयुक्त राष्ट्रसंघले सन् १९६१ मा ‘द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१’ पारित गर्दा गाँजा अफिमजस्तै कडा लागुऔषध मानियो र प्रतिबन्ध लगाउनुपर्ने प्रावधान आएपछि नेपालले पनि त्यो अभिसन्धिमा हस्ताक्षर ग¥यो र सन् १९७६ मा लागुऔषध नियन्त्रणसम्बन्धी कानून बनायो ।

मानबहादुर रोकायाले ‘गाँजा गणतन्त्र’ को खतराबारे लेखेको विचार पढेँ । पर्याप्त तयारीबिना गाँजालाई वैधानिकता दिन हतार गरिए गाँजा निर्यात सीमित व्यापारिक कुलीन वर्ग वा बलिया बहुराष्ट्रिय कम्पनीहरूको हातमा गई होन्डुरस र ग्वाटेमालाको केरा व्यापार त्यस्तै भएर ‘बनाना रिपब्लिक’ भनिएजस्तै नेपाल पनि निकट भविष्यमा ‘गाँजा गणतन्त्र’ बन्नसक्ने जोखिम उहाँले औँल्याउनुभएको थियो । यो तर्कमा विमति जनाउनुपर्ने कारण छैन । तर ‘गाँजा गणतन्त्र’ होइन ‘गाँजा अर्थतन्त्र’ बनाऔँ भनेर पछिल्लो समयमा केही प्रयासहरू भइरहेका छन् ।

तीन दलहरू नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा एकीकृत समाजवादीले यो मुद्दालाई संसदसम्म पुऱ्याएका पनि हुन् । तर त्यसले निकास पाउन सकेको छैन । एउटै पार्टीमा बसेर ‘हात्तीबारे अनेक परिभाषा’ दिने नेताहरूका कारण गाँजा कतै औषधी त कतै विष भइरहेको छ । यो चाहिँ पक्का हो ।

गाँजाको औषधीय गुण, इतिहास, मूल्य र उपयोगबारे थप व्याख्या र टिप्पणीको सहारा नलिऊँ । गाँजा खेतीको चर्चा गर्न बागमती प्रदेशको राजधानी जिल्ला मकवानपुरको उदाहरणलाई हेरौँ । पछिल्लो समय त्यहाँ गाँजाखेती भइरहेको समाचार हरेक वर्ष मिडियामा छाउँछ । अरू जिल्लामा पनि गाँजाखेती भइरहेको छ । प्रहरीले हरेक वर्ष तेस्रो चौमासिकतिर लागुऔषध नष्ट अभियान चलाउँदा गाँजा फाँडेका समाचारले निकै प्राथमिकता पनि पाउँछ । त्यसमा मकवानपुर छुटेको हुँदैन । तराईका जिल्लाहरू पनि त्यसमा पर्छन् । उसो त बागमतीकै धादिङ, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट जिल्लाका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा पनि गाँजाखेती, फँडानी र कारोबारमा नागरिक समातिएका विषयले निकै चर्चा पाइरहेका हुन्छन् ।

२०७५ फागुन ८ गते प्रतिनिधिसभामा तत्कालीन सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीका सांसद विरोध खतिवडाले नेपालमा गाँजा खेतीलाई वैधानिकता दिनुपर्ने विषय प्रवेश गराए । त्यसपछिका पाँच वर्षयता गाँजाखेतीलाई वैधानिकता दिन संसदमा भइरहेको अभ्यास, प्रयास, तयारी अनि स्थगनबारे पनि केही प्रसंगहरू जोड्न जरुरी छ । सन् १९७० अघिसम्म नेपालमा गाँजाखेती र व्यापार वैधानिक थियो । संयुक्त राष्ट्रसंघले सन् १९६१ मा ‘द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१’ पारित गर्दा गाँजा अफिमजस्तै कडा लागुऔषध मानियो र प्रतिबन्ध लगाउनुपर्ने प्रावधान आएपछि नेपालले पनि त्यो अभिसन्धिमा हस्ताक्षर ग¥यो र सन् १९७६ मा लागुऔषध नियन्त्रणसम्बन्धी कानून बनायो ।

नेपाल प्रहरीले बर्सेनि झन्डै ९१ हजार लागुऔषध प्रयोगकर्ता समात्दा तीमध्ये १० प्रतिशत मात्रै गाँजा प्रयोगकर्ता रहेको पाइएको छ । यो तथ्यांकले के भन्छ भने लागुऔषध सेवनको डरलाग्दो आँकडामा गाँजा देखाएर भयभित भइहाल्नुपर्ने अवस्था होइन । लागुऔषध प्रयोगपछि अपराध गर्नेमा पनि गाँजा सेवनकर्ता कम नै रहेको पाइएको छ । यसको मतलब गाँजाको प्रयोगलाई ढाकछोप गरेको चाहिँ होइन ।

ठूला व्यापारीको गिद्धेनजर

‘बनाना गणतन्त्र’ को उदाहरण दिएर गाँजा वैध भएमा यसको पनि व्यापारिक अधिनता कुनै अमूक र अदृश्य शक्तिको हातमा जान्छ कि भन्ने चिन्ता गर्नु स्वाभाविक हो । यसको सान्दर्भिकता मकवानपुरकै एउटा परिदृश्यले पुष्टि गर्छ ।

एमाले, माओवादी, समाजवादी र कांग्रेसका ६० भन्दा बढी सांसदले हस्ताक्षर गरेर गाँजालाई वैधानिकता दिने ऐन ल्याउन लबिइङ थालेपछि पश्चिम मकवानपुरको थाहा नगरपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिका (मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २) का भूभागमा गाँजाखेतीका लागि जग्गा खोज्न नेपालका केही व्यापारिक घरानाहरू सम्पर्कमा आएका थिए। अरू नै उद्योगधन्दा गरिरहेका ती घरानाहरूले गाँजा अभियानको नेतृत्व गरिरहेका तत्कालीन सांसद विरोध खतिवडालाई पनि भनेका थिए, “माननीयज्यू, हामीलाई ५०० रोपनी जति जग्गा खोजिदिनुप¥यो ।”

गरिब बस्तीको उन्नयनका लागि चालिएको यो अभियान काठमाडौँमा उद्यम गरिरहेका उद्योगी घरानालाई नाफा कमाउनका लागि ल्याउन लागिएको व्यवस्था थिएन । जनताको जग्गा सस्तोमा किनेर गाँजा लगाएर मुठ्ठीभरका साहुमहाजनलाई धनी बनाउने सपनामा यो उद्यम आँटिएको विषय पनि होइन । त्यही भएर खतिवडाले जनताका टुक्रा–टुक्रा जग्गा बेचाएर शहरका धनाढ्यहरूलाई गाउँमा प्रवेश दिन रुचाएनन् । फलस्वरूप उनीसँग धेरै व्यापारी रिसाए पनि ।

पिँधका जनताले भोगिरहेका पीडा

बीबीसी नेपाली सेवाले २०७५ फागुन १० गते दिएको समाचारमा यसलाई ‘भोटको राजनीति’ को कोणबाट उठाइएको छ । गाँजाखेती गर्न वैधानिकता दिने अभियानलाई समाचारमा भोट माग्ने कलासँग जोडिएको छ । त्यसविपरीत गाउँका सोझासाझाले जुन ढंगले गाँजाखेती गरेर दुःख खेपिरहेका छन्, त्यसको अन्त्यसहित व्यवस्थित गाँजाखेतीका लागि कानुन जरुरी भएको विषय अघिल्लो प्रतिनिधिसभाका सांसद विरोध खतिवडाले उठाएका थिए । पछि सिन्धुपाल्चोक र धादिङका तत्कालीन सांसदहरू क्रमशः शेरबहादुर तामाङ र भूमि ज्ञिपाठी तथा काठमाडौँबाट निर्वाचित बागमती प्रदेशसभाका तत्कालीन सदस्य केशव स्थापित पनि यो अभियानमा सरिक भएर संसदमा बोल्न थाले ।

त्यतिबेला गाँजालाई वैधानिकता दिने विषयमा एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङसमेत सकारात्मक बन्दै थिए । संसदमा पेश गर्ने र कानून समितिमा पठाएर काम अघि बढाउने तयारी भइरहँदा सत्तामा रहेको दल नेकपामा विभाजन आयो । एकताबद्ध भएका दलहरू एमाले र माओवादी सर्वोच्च अदालतको आदेशबाट अलग्गिन पुगे । एमालेभित्र पनि नेकपाकालीन विभाजनको असरले प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा दुई गुट स्पष्टरूपले कायम रह्यो।

गाँजाखेतीका अभियन्ता विरोध खतिवडा नेपालको पक्षमा खुलेर लागे भने ओलीका कठोर आलोचक बने । दुई पटकसम्म संसद विघटन भई सर्वोच्च अदालतको आदेशमा पुनस्र्थापित भयो । ती घटनाक्रमहरूसँगै संसदका कामकारबाही बिथोलिन पुग्दा यो विषय अघि बढ्न सकेन । यसको राजनीतिक ‘लाभ’ ओली सरकारलेभन्दा बढी विरोध खतिवडाले पाउने अर्को संशयका कारण पनि यो विषय ओझेलमा प¥यो ।

संसदीय चुनावको तयारी चलिरहँदा २०७९ कात्तिकमा कांग्रेस–माओवादी–समाजवादी सहितको सत्ता गठबन्धनका साझा उम्मेदवार खतिवडाको चुनावी अभियानसँगै हामी गाउँ जाँदा मतदाताहरू गाँजाबारे बोलिदिनुप¥यो भन्थे । खतिवडा जनताको आशय बुझेर उनीहरूकै आवाज बोल्थे । जनता खुशी भएर ताली बजाउँथे । किनभने कानूनतः निषेधित गाँजाखेती र ओसारपसार गरेको कसुरमा गाँजासहितका लागुऔषध प्रयोग तथा कारोबारको मुद्दा खेपिरहेका जनताका छोराछोरीको ठूलो संख्या जेलमा छ । तिनीहरूलाई पनि छुटाउने गरी कानून ल्याएर व्यवस्थित र वैज्ञानिक गाँजाखेती गर्ने विषयमा खतिवडाको दृष्टिकोणलाई सबैले स्वागत नै गरेका थिए ।



पछि गठबन्धनका तर्फबाट माओवादी र कांग्रेसका प्रदेश उम्मेदवारहरूले पनि गाँजाबारे बोल्न थाले । गाँजा मुद्दामा मकवानपुरकै १०० जनाभन्दा बढी भीमफेदी कारागारमा बन्दी बनेका छन् । तिनका अभिभावक भन्छन्, ‘गाँजाका खास व्यापारी सधैँ सुरक्षित छन्, तर भरिया हुने गरिबका छोराछोरी जेलमा छन् । छोराछोरी छुटाउन लागिदिनुप¥यो।’ भोटको राजनीति नै सही, गरिब जनताका छोराछोरी गाँजाको भरिया भनेर थुनामा गइसक्दा पनि थाहा नपाउने अभिभावकको नियति मैले नजिकबाट हेरेको छु, बुझेको छु ।

सुनको कारोबारमाझैँ सुन र भरिया भेटिने तर व्यापारी सुरक्षित रहने उपक्रम गाँजा कारोबारमा पनि देखिँदै आएको छ । आजसम्म गाँजाका खास कारोबारी समातिएका छैनन् । अदालतमा मुद्दा चलेपछि सामान्य धरौटी पनि बुझाउन नसकेर पुर्पक्षका लागि जेल जानुपर्ने अवस्थामा गरिब जनता पिल्सिएका छन् । महेन्द्र राजमार्गमा गाँजाका भारी मात्रै कसरी भारत जान सडकमा आएर थुप्रिए ? तिनका व्यापारी किन कहिल्यै समातिँदैनन् ? यो प्रश्नमा नेपाल प्रहरी विगत ३० वर्षदेखि अनुत्तरित रहँदै आएको मैले पाएको छु ।

सहकारीमार्फत् खेती गर्ने योजना

मकवानपुर जिल्लावासीलाई हामीले भनेका थियौँ, गाँजाको कानून पास हुनेछ । त्यसपछि नियमावली, निर्देशिका र मापदण्डहरू पनि आउँछन् । सबैले न्यूनतम शेयर हालेर २०० भन्दा बढी किसान आवद्ध सहकारी संस्थामार्फत् गाँजाखेती गर्ने, सहकारीले नै गाँजाखेती, बजारीकरण र किसानलाई सहजीकरण गर्ने योजना थियो । गाँजाको बीउ, बिरुवा व्यवस्थापनदेखि किसानको रुचिअनुसार आफैँ खेती गर्ने, सहकारीमा आवद्ध भएर गर्ने या आफ्नो जग्गा सहकारीलाई नै दिएर गर्ने विकल्प सोचिएको थियो । कुनै अमूक व्यापारी आएर सयौँ बिघा जग्गा किनेर या भाडामा लिएर एकाध व्यक्ति मात्रै धनी हुने र बाँकी ‘बनाना गणतन्त्र’ हेरेर बसेझैँ गरी खेती गराउने योजना थिएन ।

देश ‘गाँजा गणतन्त्र’ नबनोस्

गाँजाको बीउ, बिरुवा, सिँचाइ, आवश्यक प्राविधिक सेवा, उत्पादनको निरीक्षण, अनुगमन, बजार भाउअनुसार सहकारीबाटै देश वा विदेशमा खरिदबिक्री र किसानलाई दामासाहीले मुनाफा वितरण गर्ने एक व्यवस्थित योजनाअनुसार गाँजाखेतीको अवधारणा हामीले गाउँमा पेश गरेका थियौँ । यस्तो योजनामा सदस्य बन्न २०० जना किसान तयार थिए । गाँजाको डाँठ, जरा पनि बेचेर पैसा ल्याउन सक्छौँ भन्ने मान्यतामा हामी थियौँ । अलि पछि उद्योग खोल्ने कुरा पनि थियो । हाम्रो मोडलमा मकवानपुरमा अरू पनि सहकारी आउन सक्थे । छिमेकी जिल्ला धादिङ र तराईका जिल्लाहरूमा पनि यही मोडलमा गाँजाखेती गर्ने गरी कानून पास गराउने योजना थियो ।

तर दुःखद् संयोग, संघीय संसदमा पुग्नुपर्ने गाँजाका अभियन्ता विरोध खतिवडा चुनावमा पराजित भए । प्रदेश संसदमा अभियान चलाउने केशव स्थापित पनि काठमाडौँ महानगरपालिकाको मेयरमा पराजित भए । यसपछिको राजनीतिक छिनाझट्टी, सत्ता उलटफेरबारे यहाँहरूलाई सुनाइरहनै परेन । ज्ञात÷अज्ञात शक्तिहरूले नेपाली राजनीति गिजोल्न बाँकी राखेका छैनन्, नेताहरू प्रयोग हुन छाडेका छैनन्।

गाँजा मुद्दामा जेल परेकाहरूलाई भीमफेदी कारागारमा दसैँको मासु चिउरासमेत स्थानीय तह, सामाजिक संस्था र अभियन्ताहरूले व्यवस्था गर्नुपर्छ । थुनिएकाहरू लागुऔषध मुद्दामा फसे पनि प्रयोगकर्ता र कारोबारी होइनन्, भरिया हुन् । म गाउँमा बारीभरि झपक्कसँग लट्टिएको गाँजाघारीमा पुगेको छु, अनुभूत गरेको छु । गाँजाको अतिरिक्त आम्दानीले अनेक लतमा फसेकाहरू पनि छन् । यो वास्तविकता स्वीकार्छु, तर गाँजाभाङमा लठ्ठ परेर लतमग्न भएको तथ्यांक एकदम कम छ । कुलतमा फसेकाहरू ‘ट्याब’ कै सिकार भएको तथ्यांक डरलाग्दो छ । युवा, किशोर, धनी, निम्नवर्गीय सबै यसबाट ग्रस्त भइरहँदा उनीहरूको रोजाइमा गाँजा छैन ।

यसरी व्यवस्थित गाँजाखेती गरिँदा धेरैको सहभागिता हुनसक्छ । सामूहिक मुनाफामा साझेदार बनाउने हिसाबले हामी फेरि पनि यही मुद्दालाई अघि बढाउन चाहन्छौँ । यो अभियान जनमुखी कसरी बनाउन सकिन्छ भनेर अलि पहिले विरोध खतिवडा, भूमि ज्ञिपाठी, शेरबहादुर तामाङलगायतका अभियन्ताहरूसँग छलफल गरेका थियौँ ।

एकाध धनी साहुजनलाई नभई गरिब निमुखा, थोरै भूमि भएका किसानलाई व्यवस्थित गर्ने हाम्रो अभिप्राय हो । लेखक रोकायाले गाँजाको वैधतामा हतार नगरौँ भन्नुभएकोमा हामी उत्साहित नै छौँ । के कस्तो तयारी कसरी पूरा गर्न सकिन्छ त्यतातिर सबै लागौँ । योजनाबद्ध काम गरेर गाँजाखेतीलाई वैध बनाएपछि असारदेखि जेठसम्म गाँजा उत्पादन, बजारीकरण, बेचबिखन, प्रवर्द्धन र नियमनमा ठूलो समूह क्रियाशील हुने छ । त्यसबेला देशमा ‘गाँजा गणतन्त्र’ भन्दा गाँजामा आधारित कृषि अर्थतन्त्रकै विकास हुने निश्चित छ । किनभने हामी गाँजालाई गणतन्त्र होइन, अर्थतन्त्रसँग जोड्न चाहन्छौँ ।

गाँजामा पाइने औषधीय गुणहरु



- गाँजामा पाइने औषधीय गुणहरुगाँजामा पाइने औषधीय रसायन ‘टिएचसी’ कयौँ प्रकारका दुखाइ घटाउन एक भरपर्दो विकल्प हुनसक्छ । गाँजाको प्रयोगले क्यान्सर रोगीहरुको अनिद्रा र दुखाइसम्बन्धी समस्या ९५ दशमलव ५ प्रतिशत समाधान भएको पाइएको छ । यो अध्ययन इजरायलका क्यान्सर रोगीहरुमा गरिएको थियो ।
- केमोथेरापी गराइरहेका क्यान्सर बिरामीलाई केमोले पार्ने अन्य दुष्प्रभाव घटाउन पनि गाँजा र यसको मुख्य तत्व सफल भएको पाइएको छ । यो तथ्य अमेरिकाको क्यालिफोर्नियाका अनुसन्धानकर्ताले पत्ता लगाएका थिए ।
- गाँजा लाभकारी हुँदाहुँदै पनि यसले मानवीय स्वास्थ्यमा केही दुरगामी असर पारेको तथ्यहरु पनि बाहिर आएका छन् । यसको प्रयोगले स्मरण शक्तिमा असर पर्ने गरेको तथ्य अनुसन्धानकर्ताले पत्ता लगाएका छन् ।
- गाँजाको तेल आँखाको उपचारमा पनि सहायक सिद्ध भएको छ । आँखा धेरै पटक झिम्क्याइने समस्याका लागि यसको तेलको प्रयोग गरेर समाधान गर्न सकिने इजरायलका अनुसन्धानकर्ताले पत्ता लगाएका छन् ।

वैभव मधेशदृष्टि

२०८० साल भदौ २३ गते शनिबार
Saturday 09, September 2023

महामना राजेश्वर नेपाली अभिनन्दन ग्रन्थबाट



हे दोश्रो जनक !

भद्रकुमारी घले

आफ्नो मैथिली समाजमा, राष्ट्रमा यसरी उहाँले आफ्नो क्षमताको छाप राख्नु भएको छ, आफ्नो व्यक्तित्व फैलाउनु भएको छ । त्यसैले पनि उहाँलाई सबै स्तरको आयोजकले समावेश गर्न चाहन्छन् । यसरी समाजसेवामा अगौटे हुनु, पत्रकार, वरिष्ठ साहित्यकार लगनशील साहित्यकार, ऐतिहासिक श्री राजेश्वर नेपालीलाई हामी चिन्छौं ।

मैथिली समाजमा श्री राजेश्वरबाबु सूर्यसरी देव दिने अगोटेमा आफूलाई उभ्याउनु भएको छ । श्री राजेश्वरबाबु सत्तावादी जनसेवामा पनि मैथिली समाजमा धेरै कार्य गरी आएको पाएका छौं । मैथिली समाजलाई अगि बढाउन विकास गराउनु श्री राजेश्वरबाबुले सात दशक अवधिमा धेरै धसमाजलाई सेवा पुर्याउनु भएको छ । आज उहाँलाई ल्याउँदा उहाँसँग तुलना गर्ने व्यक्तित्व अर्को पाउँदैनौ । पत्रकारिता क्षेत्रमा, साहित्य क्षेत्रमा, समाजसेवामा मैथिली समाजमा अद्वितीय योगदान पु¥र्याई आज मैथिली समाजलाई नेपाल राष्ट्रको आधुनिकीकरणमा कत्ति पनि कमीकमजोरी आउन दिएको छैन । श्री राजेश्वरबाबु जस्तो अद्वितीय व्यक्तित्वका धनीहरुकै मिहिनेत, परिश्रम, लगनशील सेवाकै कारण श्री जनक राजाको इतिहास ताजा राखी आजको युग अनुसार कलियुग उभ्याएको छ, उन्नति, प्रगति गराएको छ । पत्रकारको रुपमा हेर्दा जनकपुरमा मैथिली समाजमा जो काम श्री राजेश्वरबाबुले गरी समाज, राष्ट्रमा जो कार्य गरी आफूलाई चिनाउनु भएको छ सो अर्को पाउन सक्दैनौ ।

राजेश्वर नेपालीको लगनशीलता, मिहिनेत, परिश्रमकै परिणाम साप्ताहिक मासिक पत्रिकाहरु संचालन गरी व्यक्ति र समाज, राष्ट्रलाई जागृत गरी मैथिली समाजलाई चेतनशील बनाई धेरै माथि उभ्याई आज आधुनिक समयको मांगलाई परिपूर्ति गरी श्री राजेश्वर नेपाली सफल हुनुभएको हो । श्री राजेश्वरबाबु आफ्ना यस्ता बौद्धिक कारणहरुकै कारण पत्रकार जगतमा तेजिला राष्ट्रिय स्तरका पत्रकार भएर आफ्ना चिनारी राष्ट्रमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा फैलाउन सफल हुनुभएको छ, हामीले पाएका छौं ।

पत्रकारिता पछि वहाँको अर्को क्षेत्र हो साहित्य मैथिली, नेपाली, हिन्दी भाषाका ज्ञाता श्री राजेश्वर नेपालीले पत्रकारिताको साथसाथै साहित्यमा पनि त्यतिकै कलम चलाई साहित्य भण्डार भर्नु भएको छ । मुख्य रुचि साहित्य भएता पनि कथा, निबन्ध, समसामयिक विचार, समाज, राष्ट्रिय स्तरमा समय समयमा लेख पत्रकार भएपछि लेखेकै हो । तर साहित्यकारको नाताले पनि उहाँले झण्डै दुई दर्जन जति पुस्तक विभिन्न विद्यामा प्रकाशित गरी साहित्य क्षेत्रमा श्री राजेश्वरनेपालीले आफूलाई एक वरिष्ठ साहित्यकारको रुपमा उभ्याउन सफल हुनु भएको छ । विभिन्न साहित्य सेमिनार, समारोहमा सहभागी भई मैथिली साहित्यको चित्रण गरी आफ्नो व्यक्तित्वको विकासको साथसाथै श्री राजेश्वरबाबुले आफ्नो कलमले मैथिली संस्कार, संस्कृति दर्साई नेपाली समाजमा पुर्याएको साथसाथै अन्तर्राष्ट्रिय स्तरमा पुर्याउन सफल कार्य गर्नुभएको छ । उहाँको पत्रकारिता, समाजसेवी जीवनले कति साहित्य जीवन र साहित्यले धेरैधेरै विकसित भएर उहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो चिनारी गराउन सफल भएको छ । यसरी श्री राजेश्वर नेपाली जनकपुर मैथिली परिवारका पत्रकार, साहित्यकार, समाजसेवी, राजनीतिज्ञ भएर पनि आज राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याति पैmलाउन उहाँ सफल हुनुभएको छ ।

समाजसेवाको क्षेत्रमा श्री राजेश्वरबाबु पत्रकारिता र साहित्यमा लगनशील भई समय दिन सक्नुभएकोले उहाँ ख्याति प्राप्त साहित्यकार बन्नु भएको छ । उहाँ जनकपुर मैथिली समाजमा जनप्रिय समाज सेवी हुनु, उहाँ विना समाजसेवा नै संचालन हुँदैन जस्तो सोच मिथिलाबासीको छ । तर राष्ट्रिय स्तरमा पनि उहाँको समाजसेवामा नाम उत्तिकै लिएका छौं । राष्ट्रिय स्तरको सेमिनार, गोष्ठी गर्न लागे भने पहिलो नाम राजेश्वरबाबुकै लिन आउँछ । कारण राजनीतिक क्षेत्रका धेरै व्यक्तित्व बनाएको त्यसै पत्रकारिता क्षेत्रमा माथि उचाइमा पुगी काम गरेका श्री राजेश्वरबाबु राष्ट्रियस्तरको कुनै संघसंस्था, राष्ट्रले आयोजना गरिँदा १ नम्बरमा मैथिली समाजबाट श्री राजेश्वरबाबुकै नाम नेपाल राष्ट्रले लिनुपर्छ । पत्रकारको रुपमा, राजनीतिज्ञको रुपमा, साहित्यकारको रुपमा, समाजसेवीको रुपमा श्री राजेश्वरबाबु नै आउनु हुन्छ । उहाँको योग्यता, क्षमता, व्यक्तित्वको नम्र व्यवहार, विशाल विचारले गरिँदा सबै दृष्टिले पनि उनी उभिनु भएको छ । जनकपुरको श्री मिथिलामा छुट्याउन सकिँदैन उहाँलाई ।

यसरी आफ्नो मैथिली समाजमा, राष्ट्रमा यसरी उहाँले आफ्नो क्षमताको छाप राख्नु भएको छ, आफ्नो व्यक्तित्व पैmलाउनु भएको छ । त्यसैले पनि उहाँलाई सबै स्तरको आयोजकले समावेश गर्न चाहन्छन् । यसरी समाजसेवामा अगौटे हुनु, पत्रकार, वरिष्ठ साहित्यकार लगनशील साहित्यकार, ऐतिहासिक श्री राजेश्वर नेपालीलाई हामी चिन्छौं । उहाँले तन, मन, धन सम्पूर्ण राष्ट्रिय समाज मानवताको लागि अहोरात्र सेवामा लाग्नु भएको छ ।

साँढे सात दशक सेवामा समर्पित भई लागिरहनु भएको हामीले पाएका छौं । पत्रकारिता साहित्य समाजसेवाको साथसाथै सम्पूर्ण जीवन निथार्नु भएको छ । राजनीतिमा पत्रकारको सशक्त व्यक्तित्व बोकेको उहाँ राजनीतिमा नलाग्ने भन्ने त कुरै भएन २०१४ देखि उहाँले राजनीतिमा आफूलाई होमेका २००२ सालको जन्म उहाँ १२ वर्षको उमेरदेखि राजनीतिको आन्दोलनमा उहाँ सहभागी हुनुभएको उहाँको बायोडाटाबाट पाउँछौं । २०६६ सालसम्म नेपाली कांग्रेसमा सक्रिय जीवन भएर राजनीतिक स्तरको भएको उहाँलाई पाउँछौं । उहाँ उनी साह्रै त्यागी राजा जनक जस्तै लाग्छ ।

१२ वर्षको उमेरदेखि होमिएको श्री राजेश्वरबाबु आफै पत्रकारिता, आपैm साहित्य, आपैm समाजसेवामा रहेर राजनीतिबाट कुनै फाइदा उठाउनु भएन । साँढे ६ दशक राजनीतिमा आफ्नो जीवन समर्पण गरेका कार्यकर्ता आजको पद, पैसा, पोजिसन, कमिशनमा राजेश्वरबाबुलाई कसैले आकर्षित गरेन । श्री राजा जनकका दर्शन, सिद्धान्त पाएका राजेश्वर नेपालीज्यू आपैm पत्रकार जीवन र साहित्यको कलमसँग समाजसेवामा समर्पित भएर लागिरहनु भएको छ । त्यस्तै व्यक्तित्वमा श्री राजेश्वरबाबुको उचाँइमा उहाँ माननीय कुनै पदमा उठाउन सक्छौ । उहाँ साँढे ६ दशक राजनीतिमा चुर्लुम्म डुबेर पनि कहिले राजनीतिबाट पद, पैसा कमाउने उठ्ने चिन्तन नै उनले लाउनु भएन । उहाँको साढे ७ दशकमा उहाँको जीवन परिचय पढी राम्रोसँग उनलाई चिन्ने मौका मैले पाएँ । श्री नेपाल राष्ट्रमा श्री राजेश्वरबाबु जस्तो त्यागी, योगी, तपस्वी, पत्रकार, साहित्यकार, समाजसेवी, राजनीतिज्ञ हुनुहुँदो रहेछ भन्ने विश्वास गर्ने मलाई गाह्रो भएको छ । साँढे ७ दशक राजनीतिमा काम गरी ७६ वर्षको उमेरमा पनि सक्रिय जीवन बिताउन सफल हुनुभएको छ ।

उहाँ एक निर्लिप्त रहेर सक्रिय काममा लागिरहनु भएको उहाँ जस्तो त्यागी, उहाँजस्तो तपस्वी, उहाँजस्तो निःस्वार्थ भावना बोकेको मान्छे हुनुहुन्छ भन्नु परेको छ । यो मध्य कलीमा जनकपुरमा जनकहरु रहिरहेका छन् भनी मलाई लागेको छ । श्री राजेश्वर नेपालीलाई देखेर साँढे ७ दशक पत्रकारिता क्षेत्रमा, साहित्यिक क्षेत्रमा, समाजसेवाको क्षेत्रमा काम गरी १२ वर्ष उमेरदेखि नेपाली कांग्रेसमा सक्रिय कार्यकर्ताको रुपमा कार्य गरी आजतक बसी काम गर्नुभएको छ । होनहार जनक तपाइँले कुनै पनि स्वार्थ राख्नु भएन । पद, पैसा, पोजिसन यो मध्य कलीमा यस्तो व्यक्तित्व हुनुहुन्छ भनी म कल्पना नै गर्न सक्दिन ।

राजा जनकको पुण्य प्रतापले राजा जनकभन्दा पनि त्यागी दोस्रो जनक श्री राजेश्वरबाबुलाई मैले पाएँ । आज यो मध्य कलीमा भएका त्यागी यस्तो निस्वार्थ भावना राख्ने यस्ता सशक्त प्राज्ञ व्यक्तित्व हुनुहुन्छ भनी म कल्पना नै गर्न सक्दिन । यस्तो सोचमा आज म बड़ो विचार गरिरहेको छु । श्री राजेश्वरबाबुलाई उहाँको त्याग उहाँले गर्दा, उहाँको नम्र स्वभावले उहाँलाई स्थानीय सामाजिक राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मान पत्र प्रदान गरेका छन् । उहाँ कस्तो व्यक्तित्व भनी समाज, राष्ट्र, अन्तर्राष्ट्रले मान सम्मान कदर गरी सम्मान, पुरस्कार, अभिनन्दन विभिन्न प्रकारबाट गरिएको हो । यो उहाँको मिहिनेत परिश्रम, त्याग, तपस्याको प्रतिफल हो । म भद्रकुमारी घले को भाषामा हे दोस्रो जनक तिमीलाई सलाम छ ।

लेखकः– पूर्व मन्त्री वरिष्ठ साहित्यकार तथा नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीको पूर्व अध्यक्ष हुनुहुन्छ ।

मेरा मित्र राजेश्वर नेपाली



अर्जुननरसिंह के.सी.

लोकतान्त्रिक आन्दोलनका योद्धा, लेखक, पत्रकार, साहित्यकार, सामाजिक अभियन्ता लगायत अनेकौं आयामबाट बनेको व्यक्तित्व, मेरा साथी राजेश्वर नेपालीजीको बारेमा यी पंक्ति लेख्न बस्दा मलाई अत्यन्त खुशी लागेको छ । उहाँसँग मेरो पहिलो भेट र परिचय कहिले भएको हो, म यकिन भन्न सक्दिनँ । तर उहाँसँग मेरो मित्रता र निकटता अथाह विगतदेखि निरन्तर रुपमा रहँदैआएको छ । नेपाली, मैथिली र हिन्दीमा विभिन्न विधाका २२ वटा पुस्तकका लेखक राजेश्वरजीको बौद्धिक साधना सबैको लागि उदाहरणीय र अनुकरणीय छ ।

नेपाली काँग्रेस र तराई–मधेसको विशेष आत्मीय सम्बन्ध रहँदैआएको छ । २००७ सालको जनक्रान्ति र त्यसअघि क्रान्तिका सम्पूर्ण पूर्वाभ्यास तराई मधेशकै धर्तीमा भयो । नेपाली काँग्रेसले देशभित्र पहिलो (पार्टीको पाचौं) महाधिवेशन २००९ सालमा जनकपुरमा सुसम्पन्न ग¥यो । २०१५, २०४८ र २०५६ का तीनवटा आमचुनावमा नेपाली काँग्रेसको सानदार विजय तराईकै जनाधारमा पाएको हो । त्यसकारण हामीले सगर्व भन्नुपर्छ, नेपाली काँग्रेसलाई सिंहदरवारसम्म आइपुग्ने निर्णयको बाटो र उर्जा तराईले दिँदै आएको छ ।

यी सबै यथार्थ पहिचान र विशेषता रातारात बनिबनाउ रुपमा प्राप्त भएको होइन, अनन्त इतिहासका विभिन्न कालखण्डमा राजेश्वर नेपालीजीजस्ता तराई मधेशका विभिन्न अथक धर्तीपुत्रहरूको बुद्धि, मिहिनेत, त्याग, संघर्षको सामूहिक प्रतिफलको रुपमा स्थापित छ । नेपालमा यस्तो अद्वितीय गौरवको प्रथम संवाहक तराई समाज नै हो, जसले आफ्नो गौरव र प्रतापलाई अक्षुण्ण राख्ने दूरगामी उपायको अवलम्बन गर्नुपरेको छ । राजेश्वरजीले लोकतान्त्रिक आन्दोलन, नेपाली काँग्रेसका सबैजसो अभियान, लोकतन्त्रकै लागि पत्रकारिता, तराई मधेशलाई समानता, सम्मान र स्वाभिमान दिलाउन शान्तिपूर्ण लोकतान्त्रिक बाटोमा आफ्नो जीवन न्यौछावर गर्नुभयो ।

राजेश्वरजीको पहिलो परिचय २०१८ सालदेखि पत्रकारितामा लागेको कारणले वरिष्ठ पत्रकारको रुपमा रह्यो । नेपालका विभिन्न साप्ताहिक पत्रपत्रिकाहरूमा उहाँले पठाएका समाचार, विश्लेषण, लेख आदि सामग्रीको पाठकका नाताले पनि मैले स्वतः भन्नुपर्छ, राजेश्वरजी आफ्ना सत्कर्मका निरन्तर र अथक साधक हुनुहुन्छ । साथै आर्यावर्त, हिन्दुस्तान लगायतका भारतीय दैनिकहरूमा पनि उहाँ संवाददाता भएर काम गर्नुभएको अनुभव छ । पार्टी प्रतिबन्ध र काँग्रेसका नेताहरू र धेरै कार्यकर्ताहरू भारतमा निर्वासित जीवन बिताउँदा बनारसबाट प्रकाशित हुनेगरेको ‘तरुण’मा पनि राजेश्वरजी लेखिरहनु हुन्थ्यो ।

२०४० देखि आजसम्म लोकमत साप्ताहिकको सम्पादक र प्रकाशकको रुपमा नै क्रियाशील हुनुहुन्छ । यो क्रियाशीलतामा उहाँले धेरै कष्टकर परिश्रम र मिहिनेत गर्नुभएको छ । पत्रकारिताकै कारण कयौंपटक गिरफ्तारी, पत्रिकाको दर्ता खारेजी लगायतका पञ्चायतकालीन राज्य प्रदत्त यातना उहाँले सामना गर्दै आउनु भयो ।

पञ्चायतकालमा भनाई नै थियो, पत्रकारले लेख्नेमात्र होइन, लेखेवापत जेल बस्न वा पत्रिकै गुमाउन पनि तयार हुनुपर्छ । राजेश्वरजीले पत्रकारितालाई व्यवसायभन्दा पनि वैचारिक चिन्तनको संवाहक धर्मको रुपमा अँगाल्नुभयो । त्यसैले, आजको व्यावसायिक पत्रकारिता, हिजो राजेश्वरजी लगायतका मिशन पत्रकारहरूले दुःख

राजेश्वरजीलाई पत्रकारको रुपमा मात्र चिनियो भने उहाँमाथि अन्याय हुन्छ । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा स्वयंसेवकको रुपमा राजनीतिमा सरिक हुनथालेको बेला होस् वा २०१५ सालको आमनिर्वाचनमा नेपाली काँग्रेसको प्रचारकको रुपमा पार्टीसित सम्बद्ध भएको रुपमा होस् काँग्रेससँग उहाँको करिब साडे छः दशक लामो निष्ठापूर्ण सम्बन्ध रहिआएको छ ।

र मिहिनेतले बनाइदिएको विरासत, जग र पूर्वाधारमा खडा रहेको छ ।

तर राजेश्वरजीलाई पत्रकारको रुपमा मात्र चिनियो भने उहाँमाथि अन्याय हुन्छ । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा स्वयंसेवकको रुपमा राजनीतिमा सरिक हुनथालेको बेला होस् वा २०१५ सालको आमनिर्वाचनमा नेपाली काँग्रेसको प्रचारकको रुपमा पार्टीसित सम्बद्ध भएको रुपमा होस् काँग्रेससँग उहाँको करिब साडे छः दशक लामो निष्ठापूर्ण सम्बन्ध रहिआएको छ । उहाँका पिता स्व. रामदुलार साह १९९२ बैशाखमा निरंकुश राणाशासनको समाप्तिको लागि पं. रमाकान्त झासहित रगतले हस्ताक्षर गरी प्रजातन्त्रको लागि समर्पित हुनुभएका २००७ सालको सेनानीहरू मध्येका हुनुहुन्थ्यो ।

२०१७ सालमा प्रजातन्त्र मासेर स्वेच्छारीतन्त्रमा पार्टी प्रतिबन्धित भएपछि भारतको जयनगरमा निर्वासित रहनुभएका काँग्रेस नेता सरोज कोईरालाको सान्निध्यमा रही प्रजातान्त्रिक संघर्षमा राजेश्वरजी संलग्न रहनु भयो । नेपाली काँग्रेसको २०३४ सालको पटना सम्मेलन, २०४६ साल माघ ५ र २०४७ माघ ७ देखि काठमाडौंमा सम्पन्न काँग्रेसका राष्ट्रिय सम्मेलनहरुमा धनुषावाट प्रतिनिधित्व गर्नुभयो । पत्रकारितालाई प्रजातान्त्रिक आन्दोलनको साधन बनाएर काम गर्दा १९ वर्षकै उमेरमा पहिलोपटक २०२१ सालमा गिरफ्तार हुनुभयो । ‘‘२०४६ सालको जनआन्दोलन पूर्व माघ २७ गतेसम्म कयौंपटक गिरफ्तार भएको’’ उहाँ सगौरव बताउनु हुन्छ । हरेक आन्दोलनमा उहाँको सक्रिय सहभागिता एक क्रान्तिधर्मीको रुपमा प्रतिष्ठित छ ।

यस अतिरिक्त, २०४८ सालमा नेपाल प्रजातन्त्र सेनानी संघको संस्थापक सदस्य, नेपाल प्रेस यूनियनको संस्थापक र दुईपटक केन्द्रीय उपाध्यक्ष तथा केन्द्रीय सल्लाहकार, २०४६ देखि २०४९ सम्म नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्य र केन्द्रीय सल्लाहकार, २०४७ सालमा प्रेस काउन्सिलका सल्लाहकार र २०४८ मा काउन्सिलको सदस्य लगायत अनेकौं संस्थासँग राजेश्वरजी आबद्ध हुनुहुन्छ । नेपाल हिन्दी प्रतिष्ठानको संस्थापक अध्यक्ष भई १९ वटा सम्मेलन आयोजना, मैथिली भाषा तथा साहित्यको उत्थानमा विभिन्न संस्थाहरूको स्थापना र संस्थागत प्रयास, क्याम्पस तथा विद्यालयको संस्थापक आदि अनेकौं परिचय र विशेषताले उहाँलाई बहुआयामिक व्यक्तित्व बनाएका छन् । त्यसैले नेपाल र भारतका विभिन्न संस्थाहरूले उहाँको अभिनन्दन, सम्मान तथा कदर गरेका छन् ।

राजेश्वरजीले सिंगो जिन्दगी समर्पित गरेर निश्चित गरेको गन्तव्य के हो त ? भन्ने प्रश्नमा उहाँसँग मेरा दृढ मान्यताको भावनात्मक सामिप्य अझ घनिष्ठ भएको म महसुस गर्छु । सिंगो नेपालभित्र तराई मधेसको अद्वितीय स्थान, तराईवासीहरुको भूमिका र योगदान इतिहासकालदेखि नै गौरवमय रहँदै आएको छ । यो गौरवमय अवस्थितिलाई डगमगाएर, राष्ट्रमा तराईले पु¥याएका योगदानप्रति गौरव गर्नुको सट्टा उपेक्षा गरेर वा निरपेक्ष भएर, साझा राष्ट्रिय एजेन्डा हुने सवालमा राष्ट्रिय सहमतिको वातावरण निर्माण गर्नुको सट्टा वैमनस्यको वातावरण चर्काएर जाँदा आन्दोलनमात्र अलपत्र पर्दैन, सिंगो समुदाय वा समाज अलपत्र पर्ने जोखिम बढ्छ ।

पहाडको उचाइबाट हेर्दा तराई मधेश नेपालको १७ प्रतिशत ऐतिहासिक भू–भागमात्र होइन, ‘राष्ट्रपुरुष’को गौरवले सुसज्जित छ, जहाँ भगवान् गौतम बुद्धको जन्मभूमिदेखि सीतामाताको जन्म र रामायण प्रसिद्ध राजर्षि जनकको राज्य अवस्थित छ । यसलाई अनेकौं विशेषता, गौरव, प्रतिष्ठा, आकर्षण र अलंकारले सिंगार्दै आएका छन् । मैथिलीका महाकवि विद्यापतिदेखि प्रसिद्ध साहित्यकार भवानी भिक्षुको कर्मभूमि होस् वा साहित्य, कला, संगीत, संस्कृति एवं सभ्यताका कारणले होस्, तराई विश्वसम्पदा बोकेको हिन्दु, बौद्ध, आदि सबै धर्मावलम्बीहरुको पवित्र भूमिका रुपमा सुपरिचत छ ।

यहाँ अनेकौं अतिवादी विचारहरू सल्बलाइरहेका छन् । तराईमा मधेश छैन भन्ने एकथरि अतिवाद छ भने अर्कोतिर मधेसमा नेपाल छैन भन्ने अर्को अतिवाद छ । कसैलाई मधेसमात्र चाहिएको छ, मधेसी चाहिएको छैन । यस्ता दुवै अतिवादबाट मधेस र मधेसी समाज सतर्क रहनुपर्ने हुन्छ । नेपालमा तराई मधेसको सामथ्र्य, महत्व र समानतामा आधारित स्थानलाई नेपाली काँग्रेसले नै चिनेको छ । जननायक बीपी कोइराला भन्नुहुन्थ्यो, तराईवासी हुन्, नेवार हुन् वा पर्वते हुन्, एउटा कताकता लुकेको राष्ट्रिय भावना छ ।.....त्यसले गर्दाखेरी हामी बाँचेका छौं ।....हामीहरूमा प्रजातन्त्रको पनि एउटा बडो ठूलो विश्वास छ । यी दुईवटाको सम्बन्ध प्रत्येक नेपालीलाई छ ।.... राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताप्रति मधेसी समाजमा निस्सन्देह आस्था र निष्ठा सशक्त रुपमा छ । कुनै पनि आन्दोलनले शाश्वत आस्था र निष्ठाको मूल्यमा समाधान वा सम्झौता खोज्नुहुँदैन । ‘मधेसी’ समाजले खोजेका समानता सम्मान र स्वाभिमान तब प्राप्त हुनेछ जब तराईबाट उठेको आन्दोलनले मधेसी समाजभित्रका परम्परागत विकृति, कहिंकतै देखिने क्षेत्रीयताका असंगति र विडम्बनालाई पनि पखालेर लैजाने अपेक्षा गर्न सकिन्छ ।

उपरोक्त मान्यताकै निकटतम र अनुकूल रुपमा म राजेश्वरजीलाई पाउने गर्छु । पत्रकारिता उहाँको पेशा मात्र होइन, त्यसभन्दा उठेर पूजा वा साधना नै हो । लोकतान्त्रिक आन्दोलन उहाँको धर्म हो । लोकतान्त्रिक आन्दोलनको परिणाम, प्रभाव वा प्रतिफल मुलुकको सबै पक्षले पाउनु पर्छ । त्यसबाट तराई मधेश कुनै अर्थले बञ्चित हुनुहुँदैन । लोकतन्त्रको आलोकमा तराईको मौलिक पहिचानसहित आर्थिक, सामाजिक, सांस्कृतिक लगायत चतुर्दिक विकास हुनुपर्छ । यीनै दृढ मान्यताको आलोकमा हेर्दा म सदैव आफूलाई राजेश्वरजीको निकट नै पाउने गर्छु ।

मेरा मित्र राजेश्वरजीको बारेमा यी पंक्तिका साथ म सपरिवार उहाँको उत्तरोत्तर सुस्वास्थ्य, दीर्घायु र सफल जीवनको लागि शुभकामना व्यक्त गर्दछु । जय नेपाल !

लेखक नेपाली कांग्रेसका पूर्व महामन्त्री र केन्द्रीय सदस्य हुनुहुन्छ ।

राजेश्वर सर, आखिरी सलाम !



अभय शर्मा

आदरणिय सर, राजेश्वर नेपाली पञ्चतत्वमा विलिन भएर जानुभयो । मेरो उहाँसँगको सानिध्यता अर्कै कारणले रहेको थियो । उहाँबाट उत्पन्न क्रियाकलाप नभई उहाँको दृष्टि चैतन्य, उर्जा र बुझाइमा मेरो सम्बन्ध रहेको थियो । उहाँसँग निश्चित दर्शन रहेको थियो जुन उहाँलाई अविचलित बनाएको थियो । त्यो उर्जा र जीवनदृष्टिको मद्दतले आफ्नो समाजलाई विभिन्न क्रियाकलापको परिणामले सदैव नर्भिक, सक्रिय, सकारात्मक, गत्यात्मक गतिविधितर्फ लागिरहनु उहाँको बानी थियो । विशेषतः शहीदप्रति उहाँको स्वामित्व लिएको मर्म मैले अरु मानिसमा हेर्न सकेको छैन । सधैँ आफु वैचारिकरुपमा सक्रिय रहि आफ्नो समाजलाई सधैँ स्वतन्त्रतातर्फ अग्रसर गर्दै लैजानु भएको छ । दासमानसिकताबाट सबैलाई मुक्त गराउन ताउम्र लागिरहनुभयो । उहाँ मानिस मात्रको विकासतर्फ क्रियाकलाप नगरि समाजका समग्र विकासको लागि पशुहरुको जीवनरक्षातर्फ पनि कार्यरत रहेको तथ्य हामीसँग छ । धार्मिक सहिष्णुतातर्फ वैष्णवी मतको आवलम्बन गरि उहाँ जीवनयापन गर्नुभयो र यो उहाँको सबै परिवारमा रहेको छ । मोहनदास करमचन्द्र गान्धीको जीवनदर्शनबाट प्रेरणा लिई बनाबटी र देखाबटी जीवन कहिले पनि अपनाउनु भएन । राजेश्वर सर सबै प्राणीमा सम्भावको उच्चभाव राख्नुहुन्थ्यो र सधैँ आदर सुचक शब्दको उपयोग गरि सम्वाद गर्न रुचाउनुहुन्थ्यो । महामना राजेश्वर नेपालीमा सम्मान प्राप्त गर्ने भाव मैले कहिले पनि पाइन । हुनतः मैले आफ्नै ढंगले उहाँको सानिध्य रहने अवसरको अनुभूतिले यो घटनाको साक्षी हुँ । पुरस्कार र सम्मान पाउने उदेश्यले उहाँले कुनै पनि काम गर्नुभएन, भएता पनि उहाँको परिणामकृत देखेर उहाँलाई सच्चा मनले हृदयदेखि नै सम्मान गर्नेहरुको जमात नेपाल र भारतमा मैले पाएको छु । उहाँ दुरदृष्टि राखेर समाजको उत्थानको लागि स्वरोजगारतर्फ युवाहरुलाई प्रेरणा दिनुहुन्थ्यो । गान्धीवादी जीवनदर्शन आधुनिक युगमा उपयुक्त रहेको र माओवादीको सशस्त्र युद्ध अन्ततः वार्ताबाटै टुंगो लाग्ने कुरा हामीलाई सरले उहिले नै बताउनुहुन्थ्यो पछि आएर त्यो सत्य सावित भयो । हामीमा समाजमा केहि दिने भावना विकास भएमा हामी चाँडै विकसीत हुने कुरा उहाँको बुझाइ थियो । सत्तासिन राजनीतिक व्यक्तित्वहरुमा पनि यस्तै भावना होस् भनि चाहना राख्ने उहाँले भ्रष्टाचारले पश्रय पाइरहेको देखेर नेताहरुलाई कडा शब्दमा निन्दा गर्दै सदाचारतर्फ लाग्नुपर्ने दृष्टान्तका साक्षी त अनेकौ पात्र छन् नै ।

सधैँ उच्च मनोबलका साथ निरन्तर बगिरहने नदी जस्तो क्रियाशिल रहनु भयो । नदी समुन्द्रमा विलिन भएझैँ पञ्चतत्वमा विलिन राजेश्वर सरलाई मेरो यो आखरी सलाम सर !



अनुभव

महिला अधिकारको नाउँमा पुरुषलाई विभेद नगरौँ



सुष्मा बस्न्यात

> *म एक महिला । महिला विरोधी हुँदै होइन । खासगरी तराईका जिल्लाहरुबाट नियमित समाचार आइरहने हो, महिला हिंसा, घरेलु हिंसा र हिंसाको कठोर रुप महिलाको हत्या, महिलालाई जलाइएका घटनाहरु आदि इत्यादि । मैले ध्यानाकर्षण के मात्र गराउन खोजेकी हुँ भने महिलालाई हिंसामा पार्न अनेक हातहरु हुन्छन् । कहीँ हामी, तपाईँले पनि हिंसालाई नै पश्रय दिइरहेका त छैनौँ ? सामाजिक अगुवा, सरोकारवाला पक्ष तथा अधिकारवादीहरुले बहुत गम्भिर भएर सोच्नुपर्ने र मनन गर्नुपर्ने सवाल हो यो ।*



घरेलु र सामाजिक हिंसामा परेका महिलालाई न्याय दिलाउन हामीले निकै मिहिनेत गर्यौँ । धेरै संघर्ष गर्यौँ, आन्दोलन गर्यौँ । अन्ततः महिलामैत्री कानुन बनाउन सफल पनि भर्यौँ । समाजमा दबिएका र पुरुषप्रधान सोचको अगाडी उठ्नै नसक्ने अवस्थामा रहेका महिलालाई बराबरी हैसियतमा ल्याउन आवश्यक थियो पनि । आज नेपालको कानुनले महिलालाई पुरुषभन्दा बढी अधिकार दिएको छ । यहाँको सामाजिक संरचना र चेतनाको स्तर मुताविक हुनुपर्ने हो बराबरी हक तर भइदियो महिलालाई बढी । यसले समाजमा लैङ्गिक सन्तुलन फेरि पनि मिलाउन सकेन । र, द्वन्द्व कायमै रहयो जस्तो लाग्छ ।

प्रसंग समाजिक न्यायको हो । लैङ्गिक विभेदको अन्त्य भनिरहँदा न महिलामाथि विभेद हुनुपर्ने हो न पुरुष माथि । नेपालको सन्दर्भलाई हेर्ने हो भने कानुनी रुपमा महिला उपरको विभेद अन्त्य भएको भन्न सकिन्छ । व्यवहारिक रुपमा यस्ता धेरै कारणहरु छन्, जसले महिला अहिले पनि शोषित, पीडित र अपहेलित भइरहेको देख्न सकिन्छ समाजमा । यी अवस्थामा महिलालाई शोषित, पीडित हुन नदिन मुख्यतया शैक्षिक र आर्थिक रुपमा सबल, सक्षम बनाउने वातावरण बनाउँदै जानुपर्ने हो । यसका लागि राज्यको नीति तथा कार्यक्रम आउनुपर्ने हो । हामी समाजका अगुवाहरुले पनि यसको पक्षमा वकालत गर्नुपर्ने हो ।

तर, महिला अधिकारको कुरा गरिरहँदा कहीँ पुरुष त चेपुवामा परिरहेको छैन भन्ने विषयमा पनि संवेदनशील हुनुपर्ने त्यतिकै जरुरी देख्छु म । समाजलाई सन्तुलित रुपमा अगाडी बढाउन लैङ्गिक समानता जरुरी हुन्छ । लैङ्गिक समानताको कुरा गरिरहँदा महिला र पुरुषबीचको विभेद अन्त्य हुनुपर्ने बुझ्नुपर्छ न कि महिलालाई अगाडी बढाउने नाउँमा पुरुषलाई थिच्ने । अचेल प्रहरी कार्यालयहरु, अधिकारवादी संस्थाहरु र अदालतमा पनि दर्ता हुने मुद्दाको प्रकृति हेर्ने हो भने पुरुषबाट महिला हिंसामा परेको भन्दा महिलाबाट पुरुष प्रताडित हुन थालेका घटनाहरु बढी देखिन थालेको छ । यसरी नै समाज अघि बढ्ने हो भने सामाजिक न्यायको सवालमा हाम्रो भूमिका के भइरहेको छ भन्ने विषयमा पनि विश्लेषण गर्न आवश्यक भयो ।

म पहाडमा जन्मेँ, हुर्केँ । क्षेत्री समुदायकी प्रतिनिधि महिला हुँ म । मैले जीवनसाथीको रुपमा एक जना मधेशी पुरुषलाई छनौट गरिरहँदा उसको परिवार र समुदायको वारेमा कुनै पनि सोधीखोजी गरेकी थिइन । आम मधेशीप्रति रहेको सतही बुझाइ विपरित मैले पाएँ जब बुहारी बनेर आएँ । मैले यहाँ चर्चा गर्न गइरहेको सन्दर्भमा निकै गम्भिर भएर घटना विवरणवारे अत्यन्तै सुक्ष्म अध्ययन र अवलोकन गरेकी छु ।

मेरा जेठाजु (नजिकको नातामा) डा. रुपेश गामी पुख्र्यौली गाउँको हिसाबले विशुद्ध मधेशी मुलका हुन् । उनको बाल्यावस्था काठमाडौँमै बित्यो । राम्रो विद्यालयमा पढ्नुभयो । गाउँमा बाबु, बाजेले चालिसौ विगाहा जग्गा दान गरेर स्कुल बनाइदिएको परिवारका सदस्य हुन् डा. रुपेश । बुवा नारायण गामी त्यो बेलाका इन्जिनियर । विद्युत कार्यालयमा जागिरे हुनुहुन्थ्यो । त्यसैले पनि उहाँले एकमात्र छोरालाई पढाउन राम्रो स्कुल र कलेज छान्नुहुन्थ्यो । डा. रुपेशको बाल्यकाल, शिक्षादिक्षा र उठबसको हिसाबले पनि एक असल नागरिकमा हुनुपर्ने हरेक गुण थियो । उहाँले समाजप्रति आफ्नो दायित्व र कानुनको पालना गर्नुपर्ने बाहेक केही सिक्नु नै भएन जीवनमा ।

स्वभाविक रुपमा सामाजिक परम्परा अनुसार उमेर पुगेपछि वैवाहिक बन्धनमा बाँधिनु भएको डा. रुपेशको दाम्पत्य जीवन दुर्घटनावश लामो चलेन । विवाह भएको केही वर्षमै हृदय सम्बन्धी रोगका कारण श्रीमति गुमाउनुपर्दा डा. रुपेशको मानसपटलमा नराम्ररी चोट पर्यो । उहाँ कुनै पनि हालतमा अर्को विवाह गर्न तयार भइरहनु भएको थिएन । गाउँमा जमिन छ, जनकपुर र काठमाडौँमा घर । परिवारका एक्ला छोरा भएको नाताले उहाँको मनले नमानेपनि परिवारको कर, चापको अगाडी बाध्य भएर तयार हुनुपरेको थियो । कोरोनाकालसको बेला देशमा लकडाउन भइरहेकै समयमा दोस्रो विवाह गर्न पुग्नुभएको डा. रुपेशले नयाँ जीवन प्राप्त गर्नुभयो । करिब एक वर्षसम्म राम्रो चल्यो दाम्पत्य जीवन र परिवार । आमा, बुवा लगायत परिवारका सदस्यहरुले पनि धेरै मिहिनेतगरी छोरालाई बिहेका लागि तयार गर्न सफल भएको हुनाले नयाँ सदस्यको रुपमा आएकी बुहारीलाई निकै माया गर्न थाले । परिवार सुखमय बितिरहेको थियो ।

बिहे गरेको करिब एक वर्षपछि जब डा. रुपेशले छोरी पाउनुभयो अनि परिवारमा थप खुशी छायो । सोही बीच घरमा बहिनी बिरामी परेर केही असहज वातावरण बनेपनि छोरीको जन्मको खुशीमा तामझाम भयो । तर, बुहारीको स्वभाव र व्यवहारमा अस्वभाविक रुपले परिवर्तन देखिन थाल्यो । आफ्नो परिवारको विपक्षमा बोल्न र गर्न थाले । माइति पक्षको कुरा हावी हुन थाल्यो उनको घर परिवारमा । परिवारमा कलह बढ्दा बढ्दै यतिसम्म पुग्यो कि डा. रुपेशको जीवन नै खतरामा पर्न थाल्यो । परिस्थितिवश उहाँले डिभोर्स्का लागि अदालतको ढोकासम्म पुग्नुपरेको छ ।

पहिलो श्रीमति गुमाउनुपरेपछि विवाह गर्न तयार नै नरहेको अवस्थामा उहाँले समान्य परिवारका छोरी जसले आमाबुवासँग राम्रो व्यवहार गर्ने र परिवारमा अभिभावकीय भूमिका निर्वाह गर्ने खालकी बुहारी खोजी भएको थियो । विवाह पूर्व भएको छलफलमा यहीँ शर्तमा सहमत भएपछि नाता जोड्न तयार पनि भएको हो । तर, अहिले अवस्था विपरित भएको छ । उहाँहरु बीचको द्वन्द्वमा अनेक स्वार्थहरुले ठाउँ पाइरहेको छ । कोही धनको लागि त कोही अहमले भरिएका व्यक्तिहरुको घेरामा पर्नुभएकी बुहारीले सहज रुपमा परिवार स्वीकार्न सकिरहनुभएको छैन । यता, जे गरेपनि कुरा मिलाउनै नसक्ने अवस्थामा हिंसाबाट जोगिन डिभोर्स्को बाटो रोज्नुभएको डा. रुपेशले पनि सहज निकास पाइरहनुभएको छैन ।

डा. रुपेशको जीवनी होइन मैले हाम्रो समाजको वर्तमान अवस्था केलाउन खोजेकी हुँ । एक नेपाली नागरिक जो कानुनलाई नै सर्वोपरी ठान्छन् । उनलाई कानुन होइन, भनसुन गर्न बाध्य बनाउने कस्तो व्यवस्था होला ? उहाँले सकेसम्म परिवारलाई समेटेर न्यायोचित वातावरणमा बस्न प्रयास गर्नुभयो । यसका लागि हामी नातागोतामा पर्ने सबैले आ–आफ्नो ठाउँबाट सहयोग गर्न पनि खोज्यौँ । तर, उहाँलाई जो जसले सहयोग गर्न खोजे उनीहरु सबै बुहारी पक्षबाट आरोपित भए, अपहेलित भए । यी त भए परिवारका कुरा । जब परिवारको द्वन्द्व बाहिर निस्कियो अनि सरोकारवाला निकायहरुले पनि मर्मलाई बुझेर सहज र न्यायोचित निकास खोज्नुभन्दा आ–आफ्नो स्वार्थ अनुरुप प्रयोग गर्न थालेको देखिरहेकी छु ।

ललितपुर, बालकुमारी बस्ने डा. रुपेशको परिवारको द्वन्द्वलाई नजिकबाट अवलोकन गरेको प्रहरीले हिंसा हुन नदिन उनीहरुलाई डिभोर्स्को मुद्दा किनारा नलागेसम्म अलग भएर बस्न सुझाव दियो । सोही अनुसार बुहारीलाई सिंगो अपार्टमेन्ट (जहाँ पुरै परिवार बसिरहेका थिए) सुम्पेर परिवारका बाँकी सदस्य डेराभाडागरी बस्न थाले । एक्ली बुहारीलाई घरबाट निकालेको अर्थ नलागोस् र सानो बच्चालाई लिएर अप्ठ्यारो नहोस् भनेर चाहेको र खोजेको बेला जे पनि सहजै आपुर्ति हुने सुविधा सम्पन्न अपार्टमेन्ट बुहारीलाई दिइएको थियो । केही समय बुहारी त्यहाँ बस्नुभयो पनि तर उहाँलाई सुरुदेखि नै सम्पत्तिको लागि घर फुटाउने तत्त्वले जनकपुरको घर कब्जा गर्न सुझाए र सोही अनुसार बुहारीले अपार्टमेन्टमा ताला लगाएर जनकपुर पुग्नुभयो । जहाँ डा. रुपेशका आमाबुवा बस्नुहुन्छ ।

एक जना महिला अन्यायमा परेको हो भने उनलाई न्याय दिलाउने दायित्व राज्यको हो । तर, एक जनालाई न्याय दिलाउने नाउँमा अन्य महिला, वृद्ध र परिवारका सबै सदस्यलाई अन्यायमा पार्ने काम राज्यले गर्न हुँदैन । डा. रुपेशले डिभोर्स्को मुद्दा किनारा नलागेसम्म बुहारीलाई बस्न, खान बन्दोबस्ती गरिरहेको अवस्थामा पनि उहाँलाई प्रताडित गर्नेगरी अनेक झमेला खेप्नु परिरहेको देखिरहेकी छु । काठमाडौँमा नेपाल सरकारको जागिरमा रहनुभएको उहाँलाई कहिले धनुषा प्रहरी, कहिले इन्सेक त कहिले ओरेक नामक अधिकारवादी संस्थाहरुले हाजिर हुन कर गरिरहेको सुन्दैछु । आखिर किन ? डा. रुपेशले मिलाउन नसकेपछि हिंसा र अर्को घटना हुन नदिन सचेतता पुर्वक अदालतको सहारा लिनुभयो । बुहारीले पनि चित्त नबुझेको अवस्थामा अदालत पुग्नुभयो । अब यो अदालतको आदेश नपर्खिने ? अस्पताल जस्तो संवेदनशील ठाउँमा काम गर्ने डाक्टर जस्तो व्यक्तिलाई घडी प्रहरी त घडी अधिकारवादी संस्थामा चहार्न बाध्य बनाउने कस्तो सामाजिक न्याय हो ?

अतः हिजोसम्म महिला अधिकारका लागि लड्नुपर्ने जस्तै अब पुरुषलाई पनि अधिकारका लागि संघर्ष गर्न बाध्य बनाउने काम बन्द गर्ने कि १ हाम्रो देशले छोटो समयमा धेरै व्यवस्था बदलिसकेको छ । एउटा शासन व्यवस्थामा हुर्किरहेको समाज पुर्ण रुपमा स्थापित हुन नपाउँदै अर्को व्यवस्था आइदिन्छ । यस्तो अवस्थामा कानुनी राज्यको प्रत्याभूति दिलाउने जिम्मेवार निकाय प्रहरी, प्रशासन र पीडामा परेकालाई न्यायको अनुभूति दिलाउने अधिकारवादी संस्थाहरुले सतही रुपमा सोचेर आफ्नो जागिर खाने काममा मात्र केन्द्रीत हुनुभन्दा सामाजिक न्यायका लागि आँखा खोलेर काम गर्न हुन मेरो विनम्र अनुरोध छ ।

म एक महिला । महिला विरोधी हुँदै होइन । खासगरी तराईका जिल्लाहरुबाट नियमित समाचार आइरहने हो, महिला हिंसा, घरेलु हिंसा र हिंसाको कठोर रुप महिलाको हत्या, महिलालाई जलाइएका घटनाहरु आदि इत्यादि । मैले ध्यानाकर्षण के मात्र गराउन खोजेकी हुँ भने महिलालाई हिंसामा पार्न अनेक हातहरु हुन्छन् । कहीँ हामी, तपाईँले पनि हिंसालाई नै पश्रय दिइरहेका त छैनौँ ? सामाजिक अगुवा, सरोकारवाला पक्ष तथा अधिकारवादीहरुले बहुत गम्भिर भएर सोच्नुपर्ने र मनन गर्नुपर्ने सवाल हो यो ।

कविता

सिंहासन छिनलेव हमछी रघुवंशी, ईन्द्रके ईन्द्राशन छीनलेव.....



उदयकुमार यादव

अहांसन सुन्दर राधारानीके लागि,
आब हमहुं सुन्दर श्याम बैनलेव ।
मुरलीके मधुर धुनसे गीत संगित बैनलेव,
खुदाके कसम तकदीर छिनलेव ।
अहांसे आब हम नशिव छिनलेव ॥
वंशीक जादुसे अंहिक कदम चैढहम,
सब गोपियनके चिरचोली जरुर छिनलेव ।
नित प्यारक जादुसे हमरा जौं रिझायब एना?
तहन हमहुं अहांक रघुवंशी रघुवीर बैनलेव,
तांय अहांसे हम नसिब छिनलेव ॥

वृन्दावन यमुना किनारपर हे राधा,
अंही संग आबहम राशो रचालेव ।
जबजब अपना नैनमे हमेसा बैसायब एना,
तखैन हमहुं अंहीक नैनमे जन्मोजन्म बैसलेव
खुदाके कसम हम नसिव छिनलेव ॥

कमलके फुल त किचरेमे फुलाइत अछि ना?
हजारो कांटकबीच हम अहांक जरुर चुनिलेव,
दुनियांक बुराई नजैरसं बचैबाकलेल,
आब सयकरो करागारके जंजीर तोईरदेव ।
अहांकलेल प्यारी हम सयकरो जंजीर तोईरदेव ॥
जौं हमर जनकदुलारी वनि आयब जिनगीमे,
तब त हमहुं शिव धनुष जरुर तोईरदेव ।
यदि अहांके सच्चाप्रेम कयनेहेबै प्यारी,
तखिन हजारो जलन्धरसं मुक्तकय हे गौरी
अहांक शिव वनि हमजरुर छिनलेव ॥
अहांक सन मेनका शाकुन्तला उर्वशीके,
पवित्र प्यार हम पाविली हेअपसरा रानी ।
तखिन सचकहैछी,खुदाके कसम हे प्यारी
आब ईन्द्रोके ईन्द्रासन हम जरुर छिनलेव ॥

व्यक्तित्व

मिथिलाः जातीय व्यवस्थामा भूमिहारको ईतिहास



● वीरेन्द्र रमण

१९६० तिर अयोध्यायको आनन्द बिहारीजीको मन्दिरको उत्तराधिकारीको विवादमा निकै विवाद सृजना भएको थियो । अवस्था अदालतसम्म पुग्यो । भूमिहार जाति पूजापाठ र दक्षिणा लिने अधिकारी होइन भन्दै प्रतिवादीले इलाहावादको उच्च अदालतमा मुद्दा दायर भयो । प्रतिवादीहरुले भनेका थिए कि भूमिहार ब्राह्मण हुन्, उसलाई मन्दिरको उत्ताराधिकारी बनाउनु हुँदैन । तर अदालतलले भूमिहार एउटा विशेषण मात्रै भएको मूल संज्ञा ब्राह्मण रहेको भनेर फैसला दिए । त्यसपछि ब्राह्मण जस्तै भूमिहारसमेत आफूलाई वैदिक अर्थात पूजापाठ गराउने कार्यमा लागे । अहिलेपनि कतै कतै भूमिहार जाति पूजापाठ र दक्षिणासमेत लिन थालेका छन् ।

कतिपयले जातीय व्यवस्थालाई गलत मानेर आलोचना गर्दै आएका छन् भने कतिपयले जातीय व्यवस्थालाई सकारात्मक रुपमा लिने गरेका छन् । सामाजिकरुपमा पहिलो सामन्ती चिन्तन जातीय व्यवस्थाबाट नै उब्जिएको कतिपयको तर्क छ भने कतिपयले सामाजिक परिवर्तनमा जातीय व्यवस्थाले निकै महत्वपूर्ण भूमिका खेलेको चर्चासमेत गरेका छन् । नेपालका जातिहरूको विभाजन भाषा, जातीय पहिचान तथा जाति प्रथाबाट भएको हो । हरेक जातिहरूमा विहेबारी आफ्नै जातिमा हुने गर्छ । हरेक जातिको आफ्नो भाषा, संस्कृति र सभ्यता रहने गर्छ ।

हिन्दु वर्णाश्रमका आधारमा सनो ठूलो, तल्लो र उपल्लो भन्ने छुट्याउने समूहलाई जात भनिन्छ । हिन्दु वर्ण व्यवस्था अनुसार ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्र गरी चार वर्ण र त्यस अन्तर्गत विभिन्न जात पर्दछन् । कुनै देशभित्रका पृथक भाषा, धर्म, संस्कृति, भूमि सभ्यतासहित साझा पहिचान भएको मानव समुदायलाई जाति भनिन्छ । मिथिला भूभागमा सामान्य रुपमा चर्चा गर्ने हो भने जातीय पिरामिडमा मिथिलामा भूमिहार जाति दोस्रोमा पर्छ । मिथिलामा प्रचलित जातीय व्यवस्थामा भूमिहारलाई दोस्रो रुपमा राखिएको छ ।

कतिपय इतिहासकारहरुका अनुसार पहिले पहिले भूमिहार जातीय र अहिले मिथिलामा रहेका ब्राह्मणबीच कुनै भिन्नता थिएन जब मिथिलामा बौद्ध धर्मको प्रभाव र प्रभुत्व बढ्न थाल्यो त्यसपछि आएर भूमिहार जातीय वर्गिकरण गरिएको समेत चर्चा रहेको छ । मिथिलामा कुनै समयमा अत्याधिक रुपमा बौद्ध धर्मको प्रवाह बढेको थियो । मिथिलामा कतिपय ठाउँमा बौद्ध धर्मको विस्तारको क्रममा विवाद होइन हिंसक स्वरुप नै ग्रहण गरेको चर्चा पाइन्छ । मिथिलामा जति राज्य व्यवस्था भए ती सबै राज्य व्यवस्थामा जातीय प्रथा निकै फष्टाएको अवस्था छ । चाहे त्यो कर्णाटकालीन मिथिला होस् वा अन्य सेनवंशीय मिथिला किन नहोस्, यसले जातीय प्रथाले निकै आश्रय पाएको इतिहास छ ।

मिथिला आज एउटा क्षेत्रको रुपमा सम्बोधन गर्ने गरिएको छ । पौराणिक समयमा मिथिला विदेह राज्यको राजधानी थियो । जुन राज्यको स्थापना जनकवंशीय राजाले गरेका थिए । श्रीमद्भावगतमा उल्लेख भएअनुसार ऋषिहरुले राजा निमीको शरीरलाई अहिलेको जनकपुरस्थित गंगासागर पोखरीमा मन्थन गरे, मन्थनपश्चात उत्पन्न भएको सन्तानले मिथिला नगरीको स्थापना गरे । जसलाई मिथिला भन्न थालियो ।

जन्मना जनकः सोऽभद विदेहस्तु विदेहजः

मिथिलो मथनाज्जातो मिथिला येन निर्मिता

सबैभन्दा प्रसिद्ध सिद्धान्तअनुसार, यो विश्वास छ कि भगवान परशुरामले क्षेत्रीयहरूलाई पराजित गरे र उनीहरूबाट जितेको राज्य र भूमि ब्राह्मणहरूलाई दान दिए । पर्शुरामबाट राज्य÷जमिन दानमा पाएपछि ती ब्राह्मणहरूले आफ्नो वंशानुगत÷परम्परागत पूजाको प्रथा त्यागेर जमिन्दारी र खेतीपाती गर्न थाले र पछि युद्धमा पनि संलग्न भए । यी ब्राह्मणहरूलाई माल भूमिहार ब्राह्मण भनिन्छ । गैर–भूमिहारहरूले आरोप लगाएका छन् कि उनीहरू ब्राह्मण पुरुष र क्षेत्रीय महिलाहरूको मिश्रित जातिबाट आएका हुन् । हिन्दु समाजमा आफ्नो उच्च स्थान गुमाएका छन् । भूमिहारहरू आफैं संकरवाद वा पतन स्थितिको यी कथा मन पराउँदैनन् र विशुद्ध ब्राह्मण भएको दाबी गर्छन् । अठारौँ शताब्दीमा मिथिलामा जातिगत संरचनामा भूमि ब्राह्मणको आफनो प्रभुत्व थियो । बुकननका अनुसार दरभंगा राज्य अन्तर्गत करिब आठ हजारको संख्यामा थिए । त्यो जातिलाई दरभंगा राज्यको दस्ताबेजमा भुईंया तथा जमिन्दार ब्राह्मण भनेर उल्लेख गरिएको छ । कतिपय ठाउँमा यस ब्राह्मणलाई पछिमा भनेर समेत उल्लेख गरिएको छ । मुकुन्द झा बख्शीले त्रिकर्मा ब्राह्मण समेत भनेर भूमिहारको विषयमा उल्लेख गर्नु भएको छ । अन्य ब्राह्मण जस्तै थर समेत रहेको र संस्कार समेत ब्राह्मण जस्तै गरिने गरिएको विभिन्न इतिहास जातीय खण्डमा उल्लेख गरिएको पाइन्छ । यो जाति सबै ठाउँमा फैलिएको छ । खास गरेर पञ्जाबमा महिपाल, मेरठ र रुहेल खण्डमा त्यागी भनेर परिचित रहेको छ । त्यसैगरी भारतको गुजरात प्रान्तमा देसाई थर लेखाउने गरेका छन् भने मगधमा यो जातिलाई बाभन भनेर सम्बोधन गरिएको छ ।

भूमिहार जातिको विषयमा विभिन्न पुस्तकमा चर्चा गरिएको छ । यसलाई बौद्धबाट प्रभावित ब्राह्मण समेत भनिएको छ ।



महामहोपाध्याय पण्डित हरप्रसाद शास्त्रीले भूमिहार बौद्ध धर्मप्रति बढी झुकाव भएको पाइन्छ । उहाँको तर्कलाई प्रसिद्ध इतिहासकार रामशरण शर्माले समेत समर्थन गर्नु भएको छ । मगधलगायतको क्षेत्रमा बौद्ध धर्मको निकै प्रभाव बढेको थियो । उनीहरुले जबर्जस्ती आफ्नो धर्मलाई मान्न लगाएका थिए । खास गरेर पहिलो प्रहार जमीन्दारहरुमाथि हुने गरिएको छ । त्यो समयमा जमिन्दार रहेका ब्राह्मणहरु आफ्नो जमिनलाई संरक्षण गर्न बौद्ध धर्मलाई अवलम्बन गर्न थाले । बौद्ध धर्मले सबैभन्दा पहिलो प्रहार ब्राह्मणमाथि नै गरेका थिए । किनभने धर्म अर्थात सनातन पन्थलाई चलाउन र वैदिक क्रियाको अग्राधिकार ब्राह्मणलाई नै रहेको थियो । त्यसकारणले ब्राह्मणहरुलाई आफ्नो पन्थमा समाहित गराएको खण्डमा अन्य व्यक्तिसमेत आउने भएपछि बौद्ध धर्मका व्यक्तिले ब्राह्मणलाई बौद्ध धर्ममा समाविष्ट गराउन थाले । त्यो कालखण्डमा धेरै ब्राह्मणहरु बौद्ध धर्मलाई आत्मसात् गरे । कोही तत्कालै बौद्ध धर्मबाट पछाडि हटेर वैदिक पन्थमा फर्किए तर केही भने निकै लामो समय बौद्ध पन्थलाई अवलम्बन गरेर बसे । जब महन्थसहितको भूभागबाट बौद्ध धर्मको समाप्ति हुनथाल्यो । त्यसपछि बौद्ध धर्म अवलम्बन गरेका ब्राह्मणसमेत वैदिक धर्मतिर फर्किन थाले तर त्यसलाई तत्कालीन वैदिक ब्राह्मणले हेयदृष्टिले हेर्न थाले । उनीहरुलाई बहिष्कृत गरे किनभने उनीहरुले बौद्ध धर्म अवलम्बन गरेका थिए । त्यसपछि उनीहरुलाई वैदिक ब्राह्मणले राम्रो दृष्टिकोणले हेर्न चाहेनन् । ती ब्राह्मणहरु आज भूमिहार ब्राह्मण हुन् ।

तर कतिपय भूमिहार ब्राह्मण पूजापाठबाट आफूलाई अलग बनाउँदै कृषिकर्मलाई बढी प्राथमिकतामा दिए भने केहीले भने पूजापाठलाई नै आफनो जीविकाको माध्यम बनाए । गयाको प्रसिद्ध विष्णुपाद मन्दिरको पूजाको जिम्मेवारी भूमिहार ब्राह्मणलाई नै थियो । तर विस्तारै भूमिहार यसबाट आफूलाई अलग गराउँदै गए । अहिले यो परम्परा खण्डित भएको छ । अर्कातर्फ प्रसिद्ध देवको सूर्य मन्दिरमा पुरोहितको रुपमा भूमिहारलाई नै राख्ने गरिएको थियो । जो सन १९६० पछि मात्रै खण्डित भएको अवस्था छ ।

अर्को तथ्य काशी विश्वनाथ मन्दिरको विषयमा समेत इतिहासमा प्रचलित छ । मुस्लिम अक्रान्ताहरुले काशी विश्वनाथ मन्दिरलाई ध्वस्त पारिदिए । त्यो मन्दिरको वैभवता नै काशीको पहिचान थियो । तर त्यो पहिचानलाई नै नष्ट पार्न खोर्जिपछि त्यसलाई जीर्णोद्धार गर्न महारानी अहिल्याबाई होलकारले संकल्प लिनु भयो । तर कुनै पनि स्थानीयले डरले सहयोग गरेनन् । मन्दिरको जीर्णोद्धार गर्न कतैबाट सहयोग नपाएपछि महारानीले आफनो एकल प्रयासबाट नै त्यो अभियानलाई सफल पार्नु भयो । १७७७ को जन्माष्टमीका दिनमा मन्दिरको जीर्णोद्धार गरियो । तर सबैभन्दा ठूलो समस्या पूजापाठको भयो । मन्दिरको प्राणप्रतिष्ठाका लागि महरानीले महेश्वर पण्डितलाई बोलाएर गर्नु भयो । जसको अहिले पनि दस्तावेजमा उल्लेख पाइन्छ । मन्दिरको जीर्णोदार र प्राण प्रतिष्ठा भए पनि पूजाको समस्या देखिएको थियो । त्यो समयमा तारापुबाट एक जना भूमिहार ब्रम्हणलाई ल्याएर मन्दिरको पुजारी नियुक्त गरियो । अर्थात् काशी विश्वनाथको पहिलो पुजारीको रुपमा भूमिहार ब्राह्मण नै भए । भूमिहार शब्दको प्रयोग प्राचीन शास्त्रमा भएको पाइँदैन । हरिप्रसादकृत बृहत्त कान्यकुब्ज वंशावलीको आधारमा यवनहरुले ब्राह्मणलाई युद्धमा हराएर उसको श्रीसम्पत्तिबाट हटाए । युद्धमा पराजित भएका ब्राह्मणलाई भूइहार भनियो । पछि त्यो अपभ्रंश हुँदै भूमिहार भनियो । यस विषयमा एउटा लोक निकै प्रसिद्ध छः

मदारादिपुराख्यस्य भूईहारा व्दिजास्तु येः

तेभ्याश्च यवनेन्दैश्च महद युद्धमभूतपुरा ।

भूमिहार जातिको विषयमा अनुसन्धानसमेत नभएको होइन । यस जातिलाई जमिन्दारका रुपमा पहिचान दिइएको छ । क्याम्ब्रिज विश्वविद्यालयमा सामाजिक नेतत्व विज्ञानका प्राध्यापक जे एच हटनले यस जातिको विषयमा बाभन शब्दको प्रयोग गर्नु भएको छ । बाभन जमिन्दार थिए । जसले आफनो पौरोहित्य पेशालाई परित्याग गरेर कृषि र जमिन्दारीलाई आफनो पेशा बनाए । सर हेनरी एच इलियटका अनुसार समेत भूमिहार र अन्य ब्रम्हणमा खासै भेद छैन । ब्राह्मणहरु आफूलाई पूजापाठ र पूजापाठ गराएर दक्षिणाबाट आपmनो जीवन चलाए भने भूमिहार अस्त्रशस्त्र धारण गरेर वीरका रुपमा आफ्नो जीवन बिताउन थाले । उसले भूमिमा आफनो आधिपत्य जमाएर त्यसैलाई नै आफ्नो जीविकाको माध्यम बनाए ।

कतिपयले भूमिहार ब्राह्मणलाई कान्यकुब्ज ब्राह्मणहरुको एक उपजातिको रुपमा मान्ने गरेका छन् । कान्यकुब्ज ब्राह्मणको पाँच भेद मानिएको छ । ती हुन् सरयूपारीण, सनाढय, भूमिहार, जिझौतिया र कन्नौजिया । अर्को तर्फ मिथिलामा ब्राह्मण र भूमिहारबीचमा वैवाहिक सम्बन्धसमेत स्थापित हुँदै आएको थियो पछि दरभंगा महाराजाले यसमा रोक लगाए । भूमिहारको विषयमा स्वामी सहजानन्द सरस्वतीले विस्तृत रुपमा उल्लेख गर्नु भएको छ । उहाँले आफ्नो पुस्तकमा भूमिहार पनि वैदिक पूजापाठ गराउने अधिकारी हुन् भनेर प्रमाण र तर्कसहित प्रस्तुत गर्नुभयो ।

१९६० तिर अयोध्यायको आनन्द बिहारीजीको मन्दिरको उत्तराधिकारीको विवादमा निकै विवाद सृजना भएको थियो । अवस्था अदालतसम्म पुग्यो । भूमिहार जाति पूजापाठ र दक्षिणा लिने अधिकारी होइन भन्दै प्रतिवादीले इलाहावादको उच्च अदालतमा मुद्दा दायर भयो । प्रतिवादीहरुले भनेका थिए कि भूमिहार ब्राह्मण हुन्, उसलाई मन्दिरको उत्ताराधिकारी बनाउनु हुँदैन । तर अदालतलले भूमिहार एउटा विशेषण मात्रै भएको मूल संज्ञा ब्राह्मण रहेको भनेर फैसला दिए । त्यसपछि ब्राह्मण जस्तै भूमिहारसमेत आफूलाई वैदिक अर्थात पूजापाठ गराउने कार्यमा लागे । अहिलेपनि कतै कतै भूमिहार जाति पूजापाठ र दक्षिणासमेत लिन थालेका छन् । त्यसपछि विमलानन्द सरस्वतीको अग्रसरतामा ब्रम्हर्षि परिषद नामक संगठन निर्माण गरे । आज नेपाल भारतको विभिन्न स्थानमा ब्रह्मर्षिको नाममा संगठनसमेत निर्माण भएको छ । थोरै ठाउँमा मात्रै भूमिहार पूजापाठ गरेर ब्राह्मण जस्तो कार्य गरिरहेका छन् । धेरै ठाउँमा यो जाति अहिले पनि पूजापाठ गराउने दक्षिणा लिने भन्दा पनि कृषि र व्यवसायीमा लागेका छन् ।

(सन्दर्भ सामग्रीः विकिपिडिया, मगधनामा, भारतीय जातीयोका इतिहास, अठारहवीं शताब्दीकी मिथिलाका इतिहास)

कविता

‘राजेश्वर नेपाली’ योद्धा



● प्रो. डा. शुभ कुमार वर्णवाल

‘राजेश्वर नेपाली’ योद्धा,
नेपालमें हिन्दी अधिकार ।
अन्तिम क्षण तक लड़ते रहे,
कमी खलेगी बारम्बार ॥

धोती–कमीज–गमछा पहिरन
मधेश प्रदेशका मूल परिधान ।
हिन्दीका नेपालमें मान्यता
ध्वज हिन्दी ले भ्रमण कल्याण ॥

नेपाली राष्ट्रभाषा नेपाल संग
मैथिली भाषा साहित्यकार ।
नेपाली – मैथिली में दर्जनों
कविता – कथा रचित संसार ॥

प्रजातन्त्र नेपाल हो स्थापना
प्रगतिशिल रह सतत् प्रयास ।
राजशाही शासन विरोध में
कलम चलायी दृढ़ विश्वास ॥

‘विपि कोइराला’, ‘गणेशमान सिंह’,
’भद्रकाली’, ‘महेन्द्र नारायण’ ।
देश नेपाल के अन्य कई नेता
इनके करीबी ‘राम नारायण’ ॥

भारत के चर्चित बहु नेता
‘राजेश्वर’ से रहे प्रभावित ।
हिन्दी पत्रिका’ कादम्बिनी’ के
सम्पादकसे अन्योन्याश्रित ॥

छः दशक तक क्षेत्र पत्रकारिता
नेपाल और भारत के मध्य ।
महापुरुषों की बुद्धिजीवी संग
जन्म–पुण्यतिथि को कटिबद्ध ॥

अर्थाभाव में हिन्दी सम्मेलन
राष्ट्रियस्तर वृहत आयोजन ।
कारागार में कैद कई बार
प्रयत्नशील हिन्दी संवर्धन ॥

राष्ट्रिय हिन्दी सम्मेलन में
छः हजार राशि का पुरस्कार ।
‘राजर्षि जनक’ के नाम पर
ख्यातिप्राप्त जो साहित्यकार ॥

राजेश्वर नेपाली कर्मनिष्ठ,
कर्मशील–कर्मभूमि अवदान ।
अमर कृति वसुधा पर व्यापित
जबतक अम्बर में दिनमान ॥

प्रो. डा. शुभ कुमार वर्णवाल
पूर्व प्राचार्य
कालिदास विद्यापति साइन्स कलेज,
उच्चैठ, बेनीपट्टी, मधुबनी (बिहार)

बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि तयार



मधेशदृष्टि
जनकपुरधाम ।
मधेशलाई बालविवाह मुक्त क्षेत्र घोषणाका लागि मधेश सरकारले कार्यविधी तयार गरेको छ ।
सन् २०३० सम्ममा बालविवाहमुक्त प्रदेश बनाउने लक्ष्यसहित अगाडि बढेको मधेश सरकारले ल्याउन लागेको बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि, २०८० को मस्यौदामाथि छलफल भएको छ ।
जनकपुरधाममा बिहीबार आयोजित कार्यविधिमाथि सरोकारवालाको राय सुझावसम्बन्धी परामर्श कार्यक्रममा प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेशप्रसाद यादवले प्रदेशमा बालविवाह समस्या अन्त्यका लागि योजनाबद्धरूपमा कामकाज गर्न कार्यविधिले सघाउ पुर्याउने विश्वास व्यक्त गरे ।वडा तहदेखि नै स्थानीय सरकार र सरोकारवालालाई सक्रिय बनाई बालविवाह रोक्नुपर्ने उद्देश्यसहित मस्यौदा ल्याइएको र यसले तीनै तहका सरकारलाई समन्वयात्मकरूपमा अगाडि बढ्न पनि सघाउ पुग्ने उनको भनाइ थियो । मन्त्री यादवले महिलामाथि हुने सबै प्रकारका हिंसा रोकथाम तथा महिलाको स्वास्थ्य, शिक्षामा पहुँच तथा गुणस्तरीय जीवनका लागि बालविवाह अन्त्य गर्न जरुरी रहेकोसमेत बताए ।शिक्षा तथा समाज कल्याण मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले बालविवाहलाई निरुत्साहित गर्न सरकारले 'बालविवाह अन्त्यका लागि दशवर्षे रणनीति– २०७९' ल्याइसकेको र अब कार्यविधिले त्यसलाई मूर्तरुप दिने बताए । उनले प्रस्तावित बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि, २०८० को मस्यौदामाथि सरोकारवालाबाट राय–सुझाव आएपछि अन्तिम रुप दिई वडा तहदेखि नै बालविवाहमुक्त क्षेत्र बनाउने अभियान अगाडि बढाइने बताए ।
सरकारले बालविवाह रोक्नका लागि बनाएको कार्यविधि, २०८० का विषयवस्तु, त्यसले पार्ने प्रभाव र महत्वका विषयमा जानकारी गराएका थिए ।
कार्यविधिमा बालविवाहमुक्त क्षेत्र घोषणाका लागि विभिन्न १५ वटा प्रक्रियागत सूचक, १२ वटा मापन सूचक, विभिन्न सरोकारवालाको भूमिका तथा घोषणापछिको रणनीतिलगायतका विषय समेटिएको छ ।

मनाइयो निजामति सेवा दिवस



मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधाममा निजामति सेवा दिवस २०८० विभिन्न कार्यक्रमको आयोजना गरेर मनाईएको छ ।
शुक्रबार जानकी मन्दिरको प्राङ्गणवाट प्रहरी व्याण्ड सहित निष्केको प्रभात फेरि जनकपुरधाम उपमहानगरपालिकाको विभिन्न भागको परिक्रमा गर्दै जनकपुरधामको वडा नं. ४ विसहरा पोखरीको डिलमा "व्यवसायिक र सिर्जनशील प्रशासनः विकास र सुशासन" मूल नारा सहित अधिकृत संगम धनुषाले आयोजना गरेको बृक्षारोपण कार्यक्रममा कर्मचारीहरु सरिक भएका थिए ।
बृक्षारोपण कार्यक्रममा अधिकृत संगमका संरक्षक, निजामति सेवा दिवस मूल समारोह समितिका अध्यक्ष एवं धनुषाका प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डे, अधिकृत संगमका अध्यय एवं धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी सहितका पदाधिकारी तथा कर्मचारीहरुले करिव ८० वटा विभिन्न जातको विरुवाहरु रोप्ने काम भएको छ । शुक्रबार लगाईएको बृक्षहरुको संरक्षण तथा हुर्काउने जिम्मेवारी डिभिजन वन कार्यालय धनुषाको जिम्मा लगाउने काम भएको अधिकृत संगमका कोषाध्यक्ष एवं वनस्पति अधिकृत वैज्ञानिक ताहिर हुसेनले जानकारी दिए ।
बृक्षारोपण पछि प्रहरी व्याण्ड सहितको कर्मचारीहरुको प्रभातफेरि जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर सभामा परिणत भएका थिए । जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको सो कार्यक्रममा बोल्दै धनुषाका प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेले नेपाल सरकारले निजामति कर्मचारीलाई उपहारको रुपमा हिजोको मन्त्रीपरिषद् वैठकले नयाँ संघीय निजामति ऐन पारित गरेर प्रतिनिधि सभामा पठाउन लागेको बताए ।
उहाले निजामति ऐनको अभावमा समस्यामा भएका कर्मचारीहरुलाई ठूलो राहत मिल्ने भएको बताउदै ऐनको अभावले कतिपय कर्मचारीको बृत्ति विकासमा समस्या भएका थिए ।
कार्यक्रममा विभिन्न निजामति कर्मचारी संगठनका पदाधिकारीहरुले जिमाति कर्मचारीहरुका लागि आउन थालेको ऐन कर्मचारी मैत्री हुने विश्वास व्यक्त गरे । यसरी धारणा राख्नेहरुमा नेपाल निजामति कर्मचारी संगठनका प्रदेश अध्यक्ष जीतनारायण भगत, नेपाल निजामति कर्मचारी यूनियनका धनुषा जिल्ला अध्यक्ष धर्मराज पौडेल, राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष मुनेश्वर यादव र निजमति कर्मचारी यूनियनका अध्यक्ष दिपक ठाकुरले रहेका थिए ।

चिनियाँ राजुदतलाई फिर्ता पठाऊः लोसपा

मधेशदृष्टि
जनकपुरधाम ।
चिनियाँ राजदुत चेन सोङले गैर कुटनैतिक अभिव्यक्ति दिएको भन्दै सत्ताधारी गठनबन्धन दल लोकतान्त्रिक समाजवादी पार्टी नेपालले विरोध प्रदर्शन गरेका छन् ।
शुक्रबार जनकपुरधाम उपमहानगरमा लोसपाका अगुवा कार्यकर्ताहरुले नगरको परिक्रमा गर्दै चिनियाँ राजदुत सोङको अभिव्यक्तिको विरोधमा प्रदर्शन गरेका हुन् ।विरोध सभामा लोसपा नेपाल मधेस प्रदेश समितिका अध्यक्ष जीतेन्द्र सोनलले अखण्ड राज्य विरुद्ध आपत्तिजनक अभिव्यक्ति दिएका राजुदत सोङलाई नसिहत दिई अविलम्ब फिर्ता पठाउन सरकारसँग माग गरेका छन् ।उनले कुनैपनि मुलुकलाई हेपेर आफ्नो भनाई लाद्न चाहेका अभिष्ट राखेर बोलेकोप्रति आपत्ति जनाउँदै तत्काल मुलुकबाट फिर्ता पठाउन सरकारसँग माग गरेको स्पष्ट पारे ।मधेश प्रदेश सरकारका पुर्व मन्त्रीसमेत रहेका प्रदेश अध्यक्ष सोनलले नेपाल–भारतको सांस्कृतिक आर्थिक सम्बन्ध लगायतको विषयमा चिनियाँ राजदुत सोङले गरेको टिप्पणी कुटनीति मर्यादा विपरित रहेको बताए । उनले राजदुत सोङलाई अविलम्ब स्पष्टीकरणसमेत सोध्नुपर्ने बताए । विदेशी राजदुतले सार्वभौम सम्पन्न गौरवशाली इतिहास बोकेको राज्य नेपालको अखण्डता र स्वतन्त्रताको गरिमामाथि हस्तक्षेपकारी अभिव्यक्ति दिएको भन्दै लोसपा नेपाल धनुषाले विरोध प्रदर्शन गरेको जिल्ला अध्यक्ष परमेश्वर साहले जनाएका छन् । यस प्रर्दशनको क्रममा लोसपा संसदीय दलका नेता अभिराम शर्मा, प्रदेशसभा सदस्य रानीशर्मा तिवारी, लोसपाका मधेश प्रदेश सचिव पप्पु चौधरी, धनुषा जिल्ला अध्यक्ष परमेश्वर साह, उपाध्यक्ष प्रमोद यादव, सचिव जीवेन्द्र झा, लोसपा नेपालका नेता एवं दलित विकास समतिका अध्यक्ष रामप्रवेश बैठालगायतका सक्रिय नेता एवं कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

चीनको हेपाहा प्रवृति : सोनल



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका मधेश प्रदेश अध्यक्षले चिनियाँ राजदुत चेन सोङले काठमाडौंको एक कार्यक्रममा दिएको अभिव्यक्ति आपतीजनक रहेको बताएका छन्। नेपाल र भारत बीचको आर्थिक सम्बन्ध लगायतको विषयमा उनले गरेको टिप्पणी कुटनीती मर्यादा बिपरित रहेको सोनलको तर्क छ। एउटा सार्बभौमसत्ता सम्पन्न देशको बारेमा यस्तो बिचार राख्नु लाई हेपहा प्रवृती वाहेक केहि भन्न नसकिने भन्दै उनले घोर भत्सर्ना गरेको छ। कहिले एमसिसिको बारे त कहिले उर्जा त कहिले नेपाल भारतको सांस्कृतिक सम्बन्ध बारे अनावश्यक टिप्पणी हेपहा प्रवृत्ति हो रहेको उनले बताए।



स्रोत नखुलेको बीसलाखसहित पक्राउ



मधेशदृष्टि
जनकपुरधाम ।
धनुषा प्रहरीले स्रोत नखुलेको लाखौ नेपाली रुपैया सहित एक व्यक्तिलाई पक्राउ गरेको छ । शुक्रबार जनकपुरधामबाट २० लाख ५० हजार नेपाली रुपैया सहित भारत विहार राज्य लहेरिया सरायका २० वर्षिय राजेश साहलाई पक्राउ गरेको छ ।
भारतबाट नेपाली रुपैया पैठारी गरी एक जना आफ्नो साथमा लुकाई छिपाई ओसार पसार गरी ल्याई रहेको विषेश सुचनाको आधारमा धनुषाको संयुक्त प्रहरी टोलीले साहलाई रकम सहित पक्राउ गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका साहलाई खानतलासी गर्दा उनले लगाएको पाईन्टको अगाडीको दाहिने खल्ति भित्रबाट ९८०३४५२३५८ नम्बरको सिमकार्ड सहितको ओप्पो लेखेको स्क्रिनटच मोबाईल थान–१ र उनले आफ्नो पिठ्युमा बोकेको कालो रंगको झोला भित्रबाट नेपाली रकम १ हजार दरको नोट १८५० थान र ५ पाँच सय दरको नोट ४०० थान गरी जम्मा रू २० लाख पचास हजार फेला परेको प्रहरीले जनाएको छ । धनुषा प्रहरीले बरामद गरिएको रकम, मोबाईल र राजेश साहलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि शुक्रबारनै भन्सार कार्यालय जनकपुरधाममा पठाईएको जनाएको छ ।

सन्त रामपालको अवतरण दिवस सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम ।
सन्त रामपालजी महाराजको ७३ औं अवतरण दिवसको उपलक्ष्यमा भदौ २० गते प्रारम्भ भएको तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम शुक्रबार भोग आरती गरी समापन भएको छ । धनुषाको मिथिला नगरपालिका–२ मा स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा भएको कार्यक्रममा सन्त गरीबदासजी महाराजको अमरवाणीहरुको अखण्ड पाठको शुक्रबार अन्तिम दिन परमात्माको भोग लगाई समापन गरिएको छ ।
समापन पछि ३ घण्टाको सन्त रामपालजी महाराजको सत्संग प्रवचन श्रवण गरेर हलुवा प्रसाद तथा भण्डारा ग्रहण गरी श्रद्धालुहरु घर फर्किएका छन् । यस कार्यक्रममा दाईजो तथा आडम्बरमुक्त सामुहिक अन्तर्जातीय विवाह (रमैणी), रक्तदान, विशाल भन्डारा,आध्यात्मिक प्रदर्शनी जस्ता विभिन्न कार्यक्रमहरु समावेश गरिएका थिए।
कार्यक्रमको अन्तिम दिन पनि एक नव जोडीको रमैणी विवाह गराइएको थियो । सन १९५१ सेप्टेम्बर ८ को दिन सन्त रामपालजी महाराजले यस धरतीमा एक किसान परिवारमा अवतार धारण गर्नुभएकोले यस दिनलाई उहाँको अवतरण दिवस भनेर हरेक वर्ष ८ सेप्टेम्बर मा मनाइने गरिन्छ।
समाजमा एउटा नयाँ आध्यात्मिक ज्ञानको क्रान्ति ल्याउने, हरेक प्रवचनको शास्त्रबाट सटिक प्रमाण दिने र संघर्षमा कहिल्यै पछि नहट्ने सन्त रामपालजी महाराजको विशेषता रहेकोले गर्दा उनका अनुयायीहरु दिनप्रतिदिन हजारौंको संख्यामा बढदै गएको उनका अनुयायीहरुको भनाई छ।
वर्तमानमा पनि विश्वलाई सुखी समृद्ध बनाउन उहाँ दिनरात संघर्षरत रहनुभएको र तत्वदर्शी सन्तको रुपमा शास्त्रानुकुल भक्ति विधि बताइरहनु भएको छ जसले सर्व लाभ प्राप्त भैरहेकाले उनको लोपृयता बढ्दै गएको संस्थाका उपाध्यक्ष केशव प्रसाद दासले जानकारी दिएका छन् । नेपाल लगायत भारतको विहार,उत्तर प्रदेश, सिक्किम, असाम, पश्चिम बंगालका साथै क्यानडा,अस्ट्रेलिया,अमेरिका,जापान जस्ता देशहरुबाट पनि लाखौंको संख्यामा अनुयायीहरु सहभागी भएका थिए।
कार्यक्रमको अन्तिम दिन पूर्व स्वास्थ्य मन्त्री सुरेन्द्र प्रसाद यादव ज्यू लगायत विभिन्न निकायका उच्च अधिकारी र विशिष्ट व्यक्तिहरुको पनि उपस्थिति रह्यो। घर फर्किने सर्व अतिथिका लागि शुद्ध घ्युमा बनेका लड्डु प्रसादको प्याकेटहरु घर लैजानका लागि दिइएको थियो ।

फोहोर संकलन नहुँदा समस्या

मधेशदृष्टि
जनकपुरधाम ।
फोहोर समस्या समाधानका लागि अर्थ क्लिन ग्रीन फाउण्डेसनले काम सुरु गरेपनि क्षमता अनुसारको फोहोर संकलन हुन नसकेको गुनासो गरिएको छ ।
फोहोर व्यवस्थापनमा निरन्तर प्रयास तथा पहल गर्दै आएको ए टु जेड एनोभेटिभ इन्डष्ट्रिजनसँग सम्बन्धित संस्था अर्थ क्लिन ग्रीन फाउण्डेसनले जनकपुरधाम वडा नं. २३ बिन्हीस्थित ल्याण्डफिल्ड साइट सञ्चालनमा ल्याएको अढाई वर्ष भए पनि क्षमता अनुसारको फाहोर सङ्कलन हुन नसकेको बताइएको छ ।जनकपुरधामको वडा नं. ४ को मात्र फोहोर सङ्कलन गर्ने जिम्मेवारी पाएको अर्थ क्लिन ग्रीन फाउण्डेशनले २५ वटै वडाको जिम्मेवारी लिन सक्ने क्षमता रहेको दावी गर्दै आएपनि सरोकारवाला निकाए मौन बस्दा फोहोर व्यवस्थापन गर्ने साधन हुँदा पनि फोहोर व्यवस्थित गर्न नसकेको फाउण्डेसनका अध्यक्ष दिपु ठाकुरको भनाई छ ।



'हालसम्म जनकपुरधामको वडा नं. ४ मात्रै फोहोर सङ्कलन गर्ने अनुमति उपमहानगरले फाउण्डेसनलाई दिएको छ उनले भने, यसमा पाँच सय घरपरिवारको फोहोर सङ्कलन गर्ने कार्ड बनाइयो तर ८० जनाले मात्र नियमित फोहोर दिइरहेका छन् । बाँकी ४२० घरले फोहोर दिन मान्दैनन् । यदि उपमहानगरले नगरबासीलाई फोहोर व्यस्थापनमा समन्वय गरिदिन पहल गर्यो भने जनकपुरधामको प्रमुख समस्याका रुपमा रहेको फोहोर व्यवस्थापन गर्न सम्भव हुनेछ ।'
सात वर्षसम्मको निरन्तर प्रयासले १० कठ्ठा २ धुरमा सञ्चालन गरेको ल्याण्डफिल्ड साइट स्थापन भयो । जसले जनकपुरधाम, नगराईन नगरपालिका, मटिहानी नगरपालिका र पिपरा गाउँपालिकाको फोहोर पनि सङ्कलन गरिहेको छ तर, त्यति फाहोर पर्याप्त नरहेको अध्यक्ष ठाकुरले बताउनुभयो ।
जनकपुरधाम–४, प्रदेश राजधानीमा रहेको मन्त्रालय परिसर र महोत्तरीको पिपरा गाउँपालिकाको मात्र फोहोर सङ्कलन गरिरहेको छ । एक सय टन फोहोर निर्मलीकरण गर्ने क्षमता भएको मेसिनको स्रोत व्यवस्था गरिएको छ । जसले दैनिक ५० टन फोहोर निर्मलीकरण गर्दै आएको अध्यक्ष ठाकुरको भनाई छ ।
जनकपुरधामको बाँकी २४ वटै वडाको फोहोर उपमहानगरपालिकाले नै उठाउँदै आएको छ जसमा बजार क्षेत्रको फोहोर मात्र उठ्ने गरेको छ । उक्त फोहोर व्यवस्थापनको दीर्घकालीन योजना उमहानगरसँग नहुँदा तत्कालका लागि एक ठाउँबाट अर्को ठाउँमा फाल्दै छ । यता जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले फोहोर व्यवस्थापनका लागि उपमहानगरसंग साधनको व्यवस्था नरहेकोले समस्या रहेको बताउदै अब उपमहानगरले एक करोड ३८ लाख ९० हजार रुपियाँको लागतमा १० वटा ट्याक्टर खरिद गरेको छ नयाँ ट्रैक्टर खरिद भएसँगै नगर सफाइमा थप सुधार आउने बताए ।

भावपूर्ण श्रद्धाञ्जलि



जन्म
वि.सं. २००२, भाद्र १९ गते



मृत्यु
वि.सं. २०८०, भाद्र ११ गते
सोमबार, द्वादशी









महामना राजेश्वर नेपाली

इस संस्था का वर्तमान अध्यक्ष रहे जनकपुरधाम उ.म.न.पा. २३ नं. वडा के वडाध्यक्ष राघवेन्द्र प्रसाद साह के पुजनीय पिता श्री इस संस्था का संस्थापक संरक्षक व वरिष्ठ सल्लाहकार, समाज का गौरव, राष्ट्र का धरोहर, क्रान्तिवीर योद्धा, समाजसेवी, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी महामना राजेश्वर नेपालीजी के प्रति हार्दिक श्रद्धाञ्जलि !

राजेश्वर नेपाली सरस्वती देवी अक्षय कोष

स्थापना राशि रु. ५,५१,०००/-

मिति २०८० साल भाद्र २३ गते शनिवार

जय गोविन्द बचत तथा ऋण सहकारी संस्था लि. परिवार

जनकपुरधाम उ.म.न.पा.-२३, बेला

धनुषा, मधेशप्रदेश (नेपाल)

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन